# परिच्छेद एक : परिचय

## १.१अध्ययनको पृष्ठभूमि

नेपालमा प्राचिन कालदेखि नै विभिन्न माध्यमवाट अनौपचारिक रूपमा शिक्षा लिने र दिने प्रचलन रहेको पाइन्छ । गुरूकुल शिक्षा संस्कृत शिक्षा र बौद्ध शिक्षा प्राचिन नेपालका प्रमुख शिक्षाका उदाहरण हुन् । त्यसवेला मठ मन्दिर, गुम्वा, विहार, गुरूको आश्रम, चौतारा, पाटी पौवा आदि शिक्षा लिने दिने केन्द्रका रूपमा थिए । तर ती शिक्षा प्रणाली वैज्ञानिक र कुनै नीति नियम, कानुनका आधारमा सु. सञ्चालन नभै गुरूको आज्ञा र निर्देशन अनुसार संचालित थिए । त्यसवेला चेलाले गुरूको र गुरूको परिवारको सेवा गरी खुसीपारी शिक्षा आर्जन गर्नु पर्ने प्रचलन रहेको थियो ( शर्मा, २०४३ द्वारा उद्धरीत ) ।

आधुनिक युग सुरू भएपछि वि. सं.१९१० मा जंगबहादुर राणाले अग्रेजी स्कुलको (दरवार स्कुल) स्थापना गरे । यो नै नेपालको पहिलो औपचारिक शिक्षण संस्था हो । तर त्यस विद्यालयमा वि. सं १९४२ सालपूर्व सर्वसाधारण जनताको निम्ति चाहीँ ढोका बन्द थियो । जव प्र म वीर शमसेरले जनताका निम्ति दरवार स्कुलको ढोका खोले त्यसपछि मात्रै नेपालमा सर्वसाधारण जनताले औपचारिक शिक्षा लिन पाइरहेका छन् । वि. सं. १९३२ देखि मात्रै दरवार स्कुलमा माध्यमिक तहको पढाइ सुरू भयो । वि. सं. १९३४ सालमा रानी पोखरी सस्कृत पाठशालाको स्थापना गरियो । वि. सं. १९५७ मा देव शमशेर प्र म बनेपछि देशभर ५७ वटा भाषा पाठशालाको स्थापना गरी जय पृथ्वीबहादुर सिंहद्धारा लिखित अक्षरांक शिक्षा नामक पाठ्यपुस्तक लागू गरियो (पूर्ववत्) ।

वि.सं.१९८० सम्म नेपालका माध्यमिक विद्यालयको सम्वन्ध कलकत्ता विश्वविद्यालयसंग थियो भने १९८० पछि पटना विश्व विद्यालयसंग सम्वन्ध कायम गरियो । वि. सं. १९८६ मा नेपालमा नै एस. एल. सी. दिन पाउने व्यवस्था गरियो । वि. सं. १९९० सालमा नेपालमा एस. एल. सी. वोर्डको स्थापना भयो । त्यसवेला नेपालमा २ ओटा मात्र हाइस्कुल थिए । नेपालमा एस. एल. सी. वोर्डको स्थापना पछि प्रवेशिका परीक्षामा जम्मा ३३ जनाले परीक्षा दिएका थिए । जस मध्ये १९ जना उत्तिर्ण भएका थिए । वि. सं. १९९० साल भन्दा अघि नेपालको छुटै पाठ्यक्रम थिएन । भारतीय पाठ्यक्रमका आधारमा

पठनपाठन गरिन्थ्यो । वि.सं. १९९० मा तयार भएको नेपालको पहिलो पाठ्यक्रममा कुल ८०० पूर्णाङ्क र ७ ओटा विषय थिए (पूर्ववत्) ।

वि. सं.२००७ सालमा प्रजातन्त्रको स्थापना संगै शिक्षामा द्रुत विकास हुन थाल्यो । वि.स. २००९ सालमा नेपाल राष्ट्रिय शिक्षा आयोगको गठन भै वि. सं. २०११ मा प्रतिवेदन पेस भयो । उक्त प्रतिवेदन अनुसार शिक्षामा सवैको पहुँच र गुणस्तरीय शिक्षा प्रदान गर्न प्राथमिक र प्रौढ शिक्षालाई निःशुल्क गर्ने, शिक्षा व्यवसायिक हुनुपर्ने, शिक्षकलाई तालिम दिने, शिक्षालाई विकेन्द्रिकरण गर्ने जस्ता बुँदाहरू समावेश गरिएको थियो (पूर्ववत्) ।

त्यसैगरी सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ अनुसार शिक्षालाई समय सापेक्ष बनाउन देशभर एकै प्रकारको शिक्षा लागू गर्नु पर्ने, शिक्षा निःशुल्क र अनिर्वाय हुनुपर्ने, प्राविधक र व्यवसायिक शिक्षामा जोड दिनुपर्ने, गुणस्तरीय शिक्षा प्रदान गर्नु पर्ने जस्ता कुरामा जोड दिएको थियो । वि. सं. २०२८ सालमा राष्टिय शिक्षा पद्धतिको योजना ( २०२८- ०३२) गुणात्मक शिक्षाको विकास र विस्तार गर्ने उदेश्यले दीर्घकालिन योजनाको रूपमा लागू गरियो । पाठ्यक्रम पाठ्यपुस्तकको विकास ,व्यवसायिक शिक्षा, विद्यार्थी मूल्यांकन प्रणालीको विकास र निरीक्षण प्रणालीको स्थापना गरी देशको शिक्षा पद्धतिमा आमूल परिवर्तन गरी शिक्षाको गुणात्मक विकासमा अहम भूमिका खेलेको पाइन्छ । वि. सं. २०२८ मा सामुदायिक र संस्थागत विद्यालयलाई राष्ट्रियकरण गरी एउटै किसिमको विद्यालय राखियो । वि. सं. २०३६ सालमा पुःन संस्थागत विद्यालय खोल्ने अनुमति दिई हालसम्म संस्थागत विद्यालयहरू नेपालमा सञ्चालन भै रहेका छन् ( पूर्ववत् ) ।

प्रजातन्त्रको पुःन स्थापना पश्चात् वि. सं. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले प्रजातान्त्रिक परीपाटी अनुसार गुणस्तरीय शिक्षा प्रणालीको विकास गर्ने , प्रा वि.तहमा मातृभाषामा शिक्षा दिन सकिने, शिक्षक तालिम अनिवार्य, प्रा. वि. तहमा महिला शिक्षिकाको व्यवस्था, अपाङगलाई निःशुल्क शिक्षा प्रदान गर्नु पर्ने, उच्च माध्यमिक विद्यालयको स्थापना छात्रवृतिको व्यवस्था गरी शिक्षा पद्धतिमा परिवर्तन गर्न जोड दिएको छ।

देशको वदलिंदो समय र परिस्थिति अनुसार उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले शिक्षा अझ गुणस्तरीय र सवैको पहुँच पुर्‍याउने उद्देश्यले निःशुल्क,

अनिवार्य र मातृभाषामा शिक्षा प्रदान गर्न गुणस्तरीयता र सुदृढिकरण, शैक्षिक परियोजनाको संचालन, निरीक्षण, अनुगमन र मूल्याङ्कन पद्धति, पिछडिएका वर्गका लागि शिक्षामा समान अवसर, विशेष शिक्षा, अनौपचारिक शिक्षा र साक्षरता कार्यक्रम,वहु विश्वविद्यालय प्रणाली, विज्ञान तथा प्राविधिक शिक्षा आदिमा जोड दिएको छ (शर्मा, एड शर्मा,२०६३ द्वारा उद्धीत) ।

नेपालको माध्यमिक शिक्षाको सुधारको लागि विभिन्न प्रयासहरू भएका छन् । वि.सं. २०३९ साल देखि विज्ञान शिक्षा परियोजना र जनसंख्या शिक्षा परियोजना,वि.सं.२०५० साल देखि माध्यमिक शिक्षा विकास परियोजना, आ.व. २०५७/२०५८ देखि माध्यमिक शिक्षा विकास केन्द्र र सन २००३ देखि २००७ सम्म माध्यमिक शिक्षा सहयोग कार्यक्रम ( *SESP*) सञ्चालन भएको थियो । वि.सं. २०५९ साल पछि सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्न शुरू गरेपनि विद्यालयहरूको शैक्षिक गुणस्तर र एस.एल.सी. परीक्षाको परिणाममा खासै सुधार हुन सकेको छैन (पूर्ववत्) ।

एस. एल. सी. परीक्षाको नियन्त्रण, सञ्चालन र नतिजा प्रकाशन गर्ने परीक्षा नियन्त्रण कार्यालयको तथ्यांक अनुसार वि. सं. २०६२ सालमा सामुदायिक मा. वि. बाट कूल १,७३,३११ जना विद्यार्थी एस. एल. सी. परीक्षामा सहभागी भएकोमा कूल ६३,५३७ जना ३६.४५ प्रतिशत मात्र उत्तिण भएका थिए भने संस्थागत मा. वि. वाट कूल ४६,६२९ जना परीक्षामा सहभागी भएकोमा कूल ४०,१६१ जना ८६.१३ प्रतिशत उत्तिण भएका थिए । त्यसैगरी वि. सं.२०६३ सालमा सामुदायिक मा.वि.बाट कूल २,१८,३८३ जना विद्यार्थी परीक्षामा सहभागी भएकोमा कूल १,११,९४८ जना ५१.२६ प्रतिशत उत्तिर्ण भएका थिए भने संस्थागत मा. वि. वाट कूल ५२,२३५ जना विद्यार्थी परीक्षामा सहभागी भएकोमा कूल ४७,२१३ जना ९०.३९ प्रसिशत उर्त्तीण भएका थिए । सामुदायिक र संस्थागत दुवैबाट गरी २०६२सालमा अग्रेजी विषयमा ६५.८९ गणितमा ५९.६९ र विज्ञानमा ७४.०७ प्रतिशत विद्यार्थी उत्तिण भएका थिए । २०६३ सालमा अग्रेजी विषयमा ६८.७५ गणितमा ७३.०३ र विज्ञानमा ८३.४३ प्रतिशत विद्यार्थी उत्तिण भएका थिए (शिक्षा विभाग, २०६२) । ताप्लेजुङ्ग जिल्लाको २०६४/०६५ र २०६६ को सामुदायिक विद्यालयको उत्तिर्ण संख्या क्रमशः १२३०, १४८९, १६१२ र संस्थागत विद्यालयको उत्तिर्ण संख्या क्रमशः ९०, ९६ र ११० रहेको पाइयो । (जि.शि.का ताप्लेजुङ्ग)

यस प्रकार हाम्रो देशको एस. एल. सी. परीक्षाको परिणाम हेर्दा ज्यादै न्यून देखिन्छ भने अर्कोतिर सामुदायिक मा. वि. को भन्दा संस्थागत मा. वि. को परिणाम उच्च देखिन्छ । सामुदायिक र संस्थागत मा.वि. को एस.एल.सी. परीक्षाको परिणाम तुलना गर्दा ज्यादै अन्तर देखिन्छ । यी दुवै विद्यालयको परीक्षा परिणाममा धेरै अन्तर आउनाका विविध कारणहरू हुन सक्छन् । ती कारणहरूलाई खोजेर निराकरण गर्न प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

हाम्रो देशको शिक्षा क्षेत्रमा गरिएको लगानी तुलनात्मक रूपले हेर्दा अन्य क्षेत्रभन्दा बढी छ । तर देशको शैक्षिक अवस्था हेर्दा ज्यादै खस्किदो अवस्थामा पुगेको देखिन्छ । प्रवेशिका परीक्षाको परिणाम हेर्दा सामुदायिक विद्यालयको भन्दा नीजि स्रोतबाट संचालित संस्थागत विद्यालयको नतिजा निकै उच्च रहेको पाइन्छ । नेपाल सरकार , एशियाली विकास बैंक *(ADB)* र डेनिडा *(DANIDA)* सरकारले सामुदायिक माध्यमिक विद्यालयको गुणस्तर, पहुँच र सक्षमताको निम्ति 'माध्यामिक शिक्षा सहयोग  कार्यक्रम' *(SESP)* सञ्चालन गरेको छ । तापनि शिक्षामा अझै गुणस्तर माथि उठ्न नसकेकोले सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शिक्षण सिकाइ क्रियाकलापको तुलनात्मक रूपमा अध्ययन गरिएको थियो ।

शिक्षा क्षेत्रको फलामे ढोका मानिने प्रवेशिका परीक्षाको नतिजा हेर्दा सामुदायिक विद्यालयका निकै कम मात्र विद्यार्थी उत्तिर्ण हुनु , बढी अनुत्तीर्ण हुनु तथा शिक्षामा निकै शैक्षिक क्षति हुनुले यस बारेमा खोज अनुसन्धान गर्न आवश्यक देखिन्छ । शैक्षिक क्षति हुनुमा कक्षा कोठा शिक्षणले कस्तो प्रभाव पारेको होला? किन सार्वजानिक मा.वि.को नतिजा संस्थागत मा.वि.को भन्दा कम छ ? शिक्षामा बढी भन्दा बढी लगानी गरिएता पनि गुणस्तर किन खस्कँदो छ ? आदि प्रश्नको उत्तर खोज्न यस विषयमा अध्ययन गर्न खोजिएको थियो ।

हाल ताप्लेजुङ्ग जिल्लामा ३८ओटा सामुदायिक र ६ ओटा संस्थागत मा. वि. सञ्चालित भए पनि यस जिल्लाको एस. एल. सी. परीक्षाको परिणाम हेर्दा शन्तोषजनक छैन । वि.सं. २०६५ सालको परीक्षा परिणाम अनुसार८९.५९प्रतिसत विद्यार्थी मात्र उतीर्ण भएका छन् । त्यसमा पनि सामुदायिक मा. वि. को परिणाम ज्यादै निम्न देखिन्छ । तर

संस्थागत मा. वि.को एस. एल. सी. परिणाम भने निकै उच्च प्रतिशत देखिन्छ (जि.शि.का. ताप्लेजुङ्ग, २०६५) । यस प्रकार ताप्लेजुङ्ग जिल्लाको शैक्षिक गुणस्तर कम हुनुमा कक्षाकोठाको शिक्षण सिकाइले कसरी प्रभाव पारेको छ ? भन्ने प्रश्नको उत्तर खोज्न पनि यस विषयमा अध्ययन गर्न खोजिएको छ (जि.शि.का ताप्लेजुङ्ग, २०६५)।

प्रवेशिका परीक्षाको परिणामप्रति सबै सरोकारवालाहरूलाई सजग र संवेदनशील भइ आफ्नो क्षेत्रबाट सहयोग गर्न, सुझाव दिन र शिक्षामा देखिएका विकृति, विसङ्गगति जस्ता प्रमुख समस्याहरूको पहिचान गरी निराकरणका निम्ति कदम चाल्न प्रयास गर्ने यस अध्ययनको प्रमुख उद्देश्य रहेकोछ । शोधकार्यको लागि "सामुदायिक र संस्थागत विद्यालयको एस. एल. सी. को तुलनात्मक अध्ययन" शीर्षक राखी मूल समस्या यसै विषयमा केन्द्रित भई अध्ययन कार्य सम्पन्न गरिएकोछ ।

## १.३ अध्ययनको औचित्य

आजको २१ औं शताब्दीको शिक्षा वैज्ञानिक, व्यवहारिक, व्यवसायिक र सीप मूलक हुनु पर्दछ । यसका निम्ति गुणात्मक शिक्षामा प्रभाव पार्ने तत्व "शिक्षक र विद्यार्थीको सक्रियता, कक्षाकोठाको वातावरण, विद्यालयको प्रशासन र अभिभावकको लगानी र चासो आदि भएकोले यसको बारेमा अध्ययन अनुसन्धान आवश्यक भएकोले यसको बारेमा अध्ययन गर्ने जमर्को गरिएकोछ ।

माध्यमिक विद्यालयको प्रवेशिका परीक्षा परिणाम न्यून हुनु त्यसमा पनि सामुदायिक मा.वि.को परिणाम झन कम हुने गरेको पाइन्छ । त्यसमा पनि अङ्ग्रेजी विषयमा उतिर्ण संख्या थोरै देखिनु समस्या रहेको छ । त्यसैले अग्रेजी विषयमा परिणाम निम्न हुनुका प्रमुख कारणहरू पत्ता लगाई समाधानका उपाय खोजी सुझाव पेश गर्नु यस अध्ययनको आशय रहेको छ । साथै संस्थागत र सामुदायिक मा.वि.को परीक्षा परिणाममा भिन्नता देखिनुको कारणहरू पत्ता लगाइ समान शिक्षा प्रदान गर्नु समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

त्यसैगरी शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा जि. शि.का.हरूलाई विद्यालयको कक्षाकोठा शिक्षणमा देखिएका समस्याहरूका आधारमा पाठ्यक्रम परिमार्जन गर्न, नीति नियम बनाउन सामुदायिक र संस्थागत मा.वि.मा समान किसिमको कक्षा शिक्षण गराउन, शिक्षकलाई उपयुक्त किसिमको तालिमको व्यवस्था गरी शिक्षण सिकाइ क्रियाकलापमा

सुधार ल्याउन, शैक्षिक सामग्री प्रदान गर्न यस अध्ययनले सहयोग पुऱ्याउने छ । शिक्षकलाई विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी पाठयोजनाको आधारमा आकर्षक शैक्षिक सामग्रीको प्रयोगबाट प्रभावकारी शिक्षण गर्ने बानी बसाल्न र विद्यार्थीलाई नियमित हुन आकर्षित गर्ने, अभिभावकलाई आफ्ना छोराछोरीलाई नियमित विद्यालय पठाउन शैक्षिक सामग्रीको व्यवस्था गर्न गृहकार्य गर्न गराउन र विद्यालयमा शिक्षकले नियमित पठन पाठन गरे नगरेको हेर्न समेत सघाउ पुग्ने लक्ष्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस शोधपत्र अध्ययनको निम्न उद्देश्यहरू रहेका छन् :

(१) सामुदायिक र संस्थागत विद्यालयको एस. एल. सी.को परीक्षाफलको अवस्था अध्ययन गर्नु ।

(२) सामुदायिक र संस्थागत विद्यालयको एस. एल. सी. परीक्षाफलमा फरक आउनाका कारणहरू पत्ता लगाउनु ।

(३) दुवै विद्यालयका एस. एल. सी. परीक्षाफललाई राम्रो बनाउने उपायहरुको खोजि गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनवाट निम्न अनुसन्धानात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ:

(१) सामुदायिक र संस्थागत मा. वि. का शिक्षकहरूको कक्षामा शिक्षण व्यवहार कस्तो छ ?

(२) सामुदायिक र संस्थागत मा. वि. को एस. एल. सी. परीक्षा प्रणाली कस्तो छ ?

(३) सामुदायिक र सस्थागत विद्यालयको कक्षाकोठाको व्यवस्थापन कस्तो छ ?

(४) दुवै विद्यालयको व्यवस्थापनका समानता र भिन्नता के के छन् ?

## १.६ अध्ययनको परिसीमा

सिमित स्रोत साधन र समयको कारणले गर्दा यस अध्ययनमा ताप्लेजुङ्ग जिल्लाको फुङलिङ्ग र खोकलिङ्ग गा.वि.स.को २ वटा सामुदायिक र २ वटा संस्थागत मा.वि.हरूलाई मात्र अध्ययनमा समावेश गरिएको छ । यो अध्ययनमा समावेश ४ ओटा मा.वि.को प्र.अ., व्यवस्थापन समितिको अध्यक्ष, मा.वि. तहको अग्रेजी शिक्षक, कक्षा ९ र १० का विद्यार्थी , विद्यालय प्रशासन र कक्षाकोठा शिक्षण अवलोकन र वि. सं. २०६५/०६६ सालको एस.एल.सी परिणामको औषत उतिर्ण प्रतिशतलाई स्तम्भ चित्रमा सिमित गरिएकोछ ।

# परिच्छेद  दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेदमा सम्बन्धित  साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको समिक्षा गरिएको छ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनको शीर्षक "सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी परीक्षाफलको तुलनात्मक अध्ययन" भएकोले यस अध्ययनको लागि प्रभावकारी बनाउन शोध शीर्षकसँग सम्बन्धीत उपलब्ध भएका साहित्यको अध्ययन गरिएकोछ । शिक्षा वास्तविक अर्थमा मानवको व्यवहारमा परिवर्तन ल्याउन सक्ने किसिमको हुनुपर्दछ । शिक्षा व्यवहारिक, सीपमुलक, व्यवसायिक र रोजगारमुलक तथा उपयोगी हुनुपर्छ । यस प्रकार प्राथमिक तहदेखि नै गुणस्तरीय शिक्षा प्रदान गर्न सके मा.वि. उ.मा.वि. तथा उच्च शिक्षा पनि व्यवहारिक र गुणस्तरीय बनाउन सकिन्छ ।

राना मगर (२०६१) ले **संस्थागत र सार्वजनिक विद्यालय बीच प्रवेशिका परीक्षा परिणाम भिन्नता देखिनाका कारणहरु एक अध्ययन** भन्ने शोधपत्रमा उल्लेख गरेका छन् - हाम्रो देशको सन्दर्भमा वि.सं. १९९०मा स्थापना भएको दरवार स्कुल नै नेपालको पहिलो सार्वजनिक विद्यालय थियो जुन सरकारी सहायताद्वारा संचालित थियो भने वि.सं. १९९५ देखि जनताको तर्फबाट प्राइभेट स्कुलको स्थापना गर्ने स्वीकृति तत्कालिन सरकारबाट प्राप्त भएपछि रौतहट जिल्ला को गौरमा वि.सं. १९९६ असोज २४ गते देखि संचालित गौर प्राइभेट स्कुल नै संस्थागत तर्फको पहिलो स्कुल थियो । सो शोधपत्रमा संस्थागत र सार्वजनिक विद्यालयबीच तुलनात्मक अध्ययन गरी संस्थागत विद्यालयको प्रशासन र व्यवस्थापन प्रभावकारी भएको कारण संस्थागत विद्यालयको प्रवेशिका परिणाम उच्च रहेको कुरा उल्लेख गरेका छन् ।

न्यौपाने (२०६२) ले **तालिम प्राप्त र अप्राप्त शिक्षकको कक्षाकोठा व्यवहार एक अध्ययन** भन्ने शोधपत्रमा तालिम भनेको  शिक्षण सिकाइलाई प्रभावकारी बनाउने  एक सशक्त माध्यम भएकोले कुनै पनि विद्यालयमा शिक्षण गर्न  चाहने व्यक्तिलाई शिक्षण

सम्बन्धी तालिम अनिवार्य हुन्छ  र तालिम बिना शिक्षण गर्दा शिक्षण प्रभावकारी हुँदैन भन्ने निष्कर्ष दिएका छन् ।

सुवेदी (२०६२) ले **उच्च र निम्न नतिजा रहेका सामुदायिक माध्यमिक विद्यालयको शैक्षणिक अवस्था एक अध्ययन** भन्ने शोधपत्रमा न्युन नतिजा रहेका विद्यालयमा उपयुक्त शैक्षणिक वातावरण निर्माण हुन नसकेको, विद्यालयको कक्षा शिक्षण, शैक्षिक, भौतिक र मानवीय स्रोत राम्रो नभएको, शिक्षकले कक्षा शिक्षण पुरा समय नगर्नु, शैक्षिक सामग्रीको अभाव र विद्यार्थीको शैक्षिक स्तरमा ठुलो असमानता रहेको तर उच्च नतिजा रहेको विद्यालयमा नियमित मासिक वैठक बसी पठन पाठन भैरहेको, प्रगति तथा समस्यावारे छलफल तथा सामाधान खोज्ने गरेको, प्र.अ. शिक्षक र विद्यार्थीमा राम्रो सम्वन्ध रहेको, वेला वेलामा अभिभावकलाई विद्यालयमा बोलाइ केटा केटीको पढाइको वारेमा जानकारी दिने, निरन्तर विद्यार्थी मूल्यांकनको आधारमा नतिजाको विश्लेषण र त्यसको सिकाइमा प्रयोग गर्ने गरेको उल्लेख गरेका छन् ।

घिमिरे २०६१ को **सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा छात्राहरुको सहभागिता** भन्ने शोधपत्रमा  विद्यालय भर्ना, विद्यालय छाड्ने तथा विद्यालय उपस्थितिमा केटा र केटीमा भिन्नता रहेको साथै सामुदायिक र संस्थागत विद्यालयका केटीहरुमा मात्रै पनि यो भिन्नता रहेको उल्लेख गरिएको छ ।

शाह(२०००) द्वारा गरिएको **स्नातकोत्तर तहको विभिन्न जातिय समुहको गणित विषयको को तुलनात्मक अध्ययन** भन्ने सोधपत्रमा व्राह्मण समुदायका विद्यार्थीको भन्दा शाह समुदायका विद्यार्थीको औसत उपलव्धि कमी रहेको निष्कर्ष निकालिएको छ । उपलव्धि परिक्षण सम्वन्धि एक बृहत परियोजना हो जसले अष्टेलिया, वेल्जियम, ईङ्गल्याण्ड, स्वीडेन र संयुक्त राज्य अमेरिकामा संचालन गरेको गणित विषयको उपलव्धि परिक्षणवाट सम्पुर्ण देशमा केटाहरुको औषत उपलव्धि स्तर केटीहरुको भन्दा वढि रहेको तथ्य आफ्नो अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

*Aggrawal* (सन् १९९९) ले शैक्षिक प्रविधि भन्ने पुस्तक मार्फत शिक्षण सिकाइमा कक्षा कोठाको सञ्चार ज्यादै महत्वपूर्ण हुन्छ , यो शिक्षक र विद्यर्थीहरूद्वारा संगै काम गरिने प्रमुख माध्यमको रूप हो, शिक्षक र विद्यार्थी बीचमा छलफल र बहस भएमा शिक्षण

प्रभावकारी हुने बताएका छन् ।

नीजि तथा सरकारी छुटाछुटै रूपमा सञ्चालित विद्यालयहरूलाई वि. सं. २०२८ मा गठित राष्टिय शिक्षा पद्धतिको योजना लागू भएपछि सबैलाई एकिकरण गरी एउटै छातामुनी ल्याइयो र जिल्लाको सम्पूर्ण विद्यालयहरूको पाठ्यक्रम, पाठ्यपुस्तक, पठनपाठन, परीक्षा, सुपरीवेक्षण तथा प्रशासन जिल्ला शिक्षा कार्यालय मार्फत नियन्त्रित गरिएका थिए,(शर्मा, २०४३:) ।

शर्मा एण्ड शर्मा (२०५३:) का अनुसार बालकको आफ्नो क्षमता, दक्षता, र्सिजनात्मक विकास गरी उसले चाहे जस्तो सरल तरिकाबाट ज्ञान र सीप प्रदान गर्नु शिक्षकको दायित्व हो । बालकको विकास क्रमअनुसार बौद्धिक अभ्यास गराउनु , शिक्षण हो र शिक्षण बालक र वातावरण बीचको अन्तरक्रिया हो ।

शर्मा एण्ड शर्मा, (२०५३) ले उद्धरित गरेअनुसार शिक्षण एक पेशा हो जुन विशिष्ट अध्ययन र तालिममा आधारित हुन्छ । जसको उद्देश्य सीपयुक्त सेवा प्रदान गर्नु र निश्चित शुल्क र चेतनाको आधारमा अरूलाई सल्लाह दिनु हो ।

शर्मा एण्ड शर्मा (२०६३) ले *Educational Pedagogy* भन्ने पुस्तकमार्फत शिक्षण कौशलमा शिक्षण व्यवहारिक र उद्देश्यमूलक बनाउन आधारभूत तत्व समावेश भएको हुन्छ, यो एक शुक्ष्म सिकाइको दृष्टिकोण हो । यो नियमको आधारमा प्रयोग हुँदै आएको हुन्छ । यसले शिक्षणलाई कलाको रूपमा स्वीकार गर्दछ । त्यसैले शिक्षण सिकाइको एक बृहत दृष्टिकोण हो । अवस्था हेरी आवश्यकता अनुसार पुरस्कार र दण्डनीति अपनाएमा सिकाइ प्रभावकारी हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

*CERID (1989)* को एक अध्ययन अनुसार प्रवेशिका परीक्षामा अग्रेजी विषयमा अनुतिर्ण हुनाका कारणहरूमा अझैपनि माध्यमिक तहका कैयन विद्यार्थीहरू वार्षिक परीक्षामा असफल हुन्छन् । भाषा सिकाइका चारै पक्षहरू सुनाइ, वोलाइ, पढाइ र लेखाइसँग सम्वन्धित क्षेत्रमा गम्भीर कमी कमजोरी देखापरेका छन् । विद्यार्थीको शब्द भण्डारको घेरा अति साँघुरो छ । अति सामान्य अर्थपूर्ण शुद्ध लेखन पनि थोरैमात्र विद्यार्थीसंग छ । उनीहरूको वोधक्षमता भरपर्दो छैन ।

श्रेष्ठ (२०६०:) ले शिक्षक शिक्षा भन्ने पुस्तकमा माध्यमिक विद्यालयमा विद्यालय भवन छन् कक्षाकोठा छन् , फर्निचर र शैक्षिक सामग्रीहरू सबै छन् , योग्यता पुगेका शिक्षक छन् तर उपलब्धिमुलक सिकाइ गर्न कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी भएन, शिक्षण ज्ञानको अभावमा जिवन्त शिक्षक विद्यार्थी सहभागिता मुलक शिक्षण नै हुन नसकेकोले विद्यार्थीले माथिल्लो स्तरको ज्ञान र सीप सिक्न नसकेकोले शैक्षिक गुणस्तर कम रहेको उल्लेख गरेका छन् ।

CERID (२०५५) विकासको लागि शिक्षा भन्ने पुस्तकमा मल्ल कोमल वदनले राष्ट्रले धेरै वर्ष अगाडि प्रत्येक वालवालिकालाई शिक्षाको समान अवसर प्रदान गर्ने प्रतिज्ञा गरेको भएता पनि अझै हाम्रो देशमा सम्पन्न परिवारका वालवालिकाले नै स्तरीय शिक्षा पाइरहेका छन् । धनी सम्पन्न परिवारले रमाइ रमाइ विद्यालय आउने, ज्ञानवर्धक खेलहरू खेल्न पाउने, नया व्यवहारिक अनुभवहरू प्राप्त गर्न पाउने, स्तरीय शैक्षिक वातावरण भएका शहरका स्तरीय विद्यालयहरूमा अध्ययन गर्न पठाउने गर्दछन भने खास गरेर ग्रामीण क्षेत्रमा शिक्षा विकासको गति ज्यादै सुस्त भएको र त्यहाको शैक्षिक वातावरण पनि निम्न स्तरको हुन्छ, शिक्षकहरूको योग्यता पनि कमै हुन्छ । यसले गर्दा ती विद्यालयमा सिकाइको विषयवस्तु तथा क्रियाकलापहरू वलवालिकाहरूलाई आकर्षक हुदैन भनी उल्लेख गरेका छन् ।

*CERID* (२०६४) विकासको लागि शिक्षा भन्ने पुस्तकमा हाडा भुपेन्द्रले शैक्षिक सामग्रीको प्रचुर मात्रामा प्रदर्शन र प्रयोगवाट नै वालवालिकाहरूको दिमागलाई आकृष्ट गर्दै उनीहरूको ध्यान सिकाइतिर मोडन शिक्षक सफल हुन्छ, कक्षाकोठाको व्यवस्थापन, आवश्यक वातावरण, समुचित पाठयपुस्तक र पाठयसामग्री तथा सुपरीवेक्षणको प्रभावकारीताले शिक्षण सिकाइ प्रभावकारी र फलदायी हुन्छ भनी उल्लेख गरेका छन् ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धान गर्नका लागि अवलम्वन गरिने एउटा निश्चित खाकालाई अनुसन्धान खाका भनिन्छ, (खनाल २०६५) । यस अनुसन्धान कार्य गर्दा कुनै न

कुनै सिद्धान्तमा आधारित भएर गर्नु पर्दछ । यस शोध कार्यमा निम्न सिद्धान्तहरूमा आधारित भएर अध्ययन गरिनेछ ।

**कार्ल मार्क्स**को वर्ग संघर्षको सिद्धान्त अनुसार जुनसुकै समाजमा पनि प्रमुख रुपले दुई वर्गहरु रहेका हुन्छन्- शोषक वर्ग र शोषित वर्ग । समाजको त्यो वर्ग जससंग उत्पादनका साधनहरु हुन्छन्, त्यसलाई शोषक वर्ग र जससंग शारीरिक श्रम वाहेक कही हुदैन त्यसलाई शोषित वर्ग भनिन्छ । मार्क्सका शव्दमा आजसम्म दास, अभिजात वर्ग र सामान्य जनता, सामन्त र किसान एउटै शव्दमा भन्दा निरन्तर युद्ध गरिरहेको हुन्छन् । यो नै समाजको द्वन्द्वात्मक सिद्धान्त हो (शर्मा,एण्ड शर्मा२०५३)।

कार्ल मार्क्स विश्व साम्यवादी आन्दोलनका प्रणेता महान दार्शनिक तथा समाजशास्त्रीय चिन्तक हुन् । उनले आर्थिक कारणले नै समाजमा विभेदिकरणलाई चरम सिमामा पुर्‍याएको छ । मार्क्सले समाजमा विधमान रहेका आधारमा समाजलाई दुई भागमा विभाजन गरेका छन् ( वुर्जुवा (Bourgeosie) र सर्वहारा (Proletariat) । वुर्जुवा भनेको आधुनिक पुंजिपतिहरुको वर्ग हो । यो उत्पादनका साधनहरुको मालिक हुन्छ र यसले मजदुरहरुलाई आफ्नो सम्पत्तिमा कामदारका रुपमा नियुक्ति गर्दछ । यो शोषक वर्ग हो । सर्वहारा भनेको समाजको त्यो वर्ग हो जो आफ्नो जिविकोपार्जनका लागि आफ्नो शारीरिक श्रम वेच्न वाध्य हुन्छ । सर्वहारासंग उत्पादनका कुनै साधनहरु हुदैनन् । यो शोषित वर्ग हो । यी दुवै वर्गका विचमा कहिल्यै मेल हुदैन, सधै द्वन्द हुन्छ फलस्वरुप समाजमा सामाजिक असमानताले जरो गाड्दछ (शर्मा र शर्मा २०६३)।

**म्याक्स वेवर**को समाजिक विभेदीकरण्को सिद्वान्त अनुसार सामाजिक स्तरीकरणमा आर्थिक निर्णयवादलाई अस्वीकार गर्दै वर्ग विरोधलाई मान्यता दिइएको छ । सामाजिक स्तरीकरण असमान शक्तिको संगठित अभिव्यक्ति हो । स्तरीकरणमा शक्तिको महत्व बढी हुन्छ किनभने शक्तिले संख्यात्मक रुपमा स्तरीकरणको सम्बन्धलाई जोड्दछ । शक्तिलाई सामाजिक स्तरीकरणको सम्बन्धमा तीन क्षेत्रमा विभाजन गरिएको छ । ती हुन्ः- आर्थिक, सामाजिक र राजनैतिक । आर्थिक क्षेत्रमा वर्ग अनुसार, सामाजिक क्षेत्रमा स्थिति अनुसार र राजनैतिक क्षेत्रमा पार्टी अनुसार शक्तिका विभिन्न नाम रहेका हुन्छन् । वर्ग स्थिति र पार्टी परस्पर एक आपसमा सम्बन्धित तथ्य हुन् । अनुसार वर्गस्थिति, समूह पार्टी र कुनै

समुदायमा शक्ति वितरणको घटना हो । त्यसलाई उनले समूहको वर्ग मान्नु पर्दछ । वर्ग शब्दले समान परिस्थितिमा रहने कुनै पनि समूहको संकेत गर्दछ । सामाजिक स्तरीकरण एक जटिल व्यवस्था  हो । सामाजिक स्तरीकरणको आधार मान्न सकिदैन । आर्थिक पक्ष सामाजिक स्तरीकरणको एक भाग मात्र हो । सामाजिक व्यवस्था तीन प्रकारले हुन्छः- आर्थिक पक्ष, सामाजिक पक्ष र वैधानिक पक्ष । आर्थिक व्यवस्थामा वस्तु तथा सेवाको मात्राको आधारमा समाजका सदस्यहरुको स्तरीकरण हुन्छ । सामाजिक व्यवस्थामा प्रतिष्ठा वा सामाजिक सम्मानको आधारमा स्तरीकरण हुन्छ भने वैधानिक व्यवस्थामा सत्ताको आधारमा स्तरीकरण हुन्छ ।

सामाजिक स्तरीकरणको व्याख्यामा सामाजिक जीवनका तीन पक्षसँग सम्बन्धित तीन प्रकारका शक्तिहरु उल्लेख गरेका छन् । आर्थिक व्यवस्थामा आर्थिक शक्तिको, वैधानिक व्यवस्थामा वैधानिक शक्तिको तथा सामाजिक व्यवस्थामा सामाजिक शक्तिको असमान वितरण हुन्छ । आर्थिक शक्तिको अभिव्यक्ति सम्पत्ति, वस्तु र सेवाको माध्यमद्वारा हुन्छ । सामाजिक शक्ति सामाजिक प्रतिष्ठाद्वारा प्रकट हुन्छ र वैधानिक शक्तिको अभिव्यक्ति सत्तामा हुन्छ । सामाजिक जीवनमा यी तीनै प्रकारका शक्तिको असमान वितरणका कारण नै स्तरीकरण हुन्छ । आर्थिक क्षेत्रमा स्तरीकरणद्वारा ठूला साना वर्ग बन्दछन् । सामाजिक क्षेत्रमा विभिन्न स्थिति समूहको जन्म स्तरीकरणद्वारा हुन्छ भने वैधानिक क्षेत्रमा स्तरीकरणद्वारा राजनैतिक समूह तथा सत्ता समूहको जन्म हुन्छ । यस प्रकार सामाजिक व्यवस्था अन्तर्गत विभिन्न शक्तिको विभाजन नै सामाजिक स्तरीकरण हो ।

समाजका विभिन्न व्यक्तिको आफ्नो आफ्नो आर्थिक सामाजिक र राजनैतिक स्थितिको आधारमा व्यवहार, आदत, क्षमता आदि देखा पर्दछ । यसैलाई व्यक्ति वा समुहको प्रतिस्ठा भनिन्छ । यस्तो प्रतिस्ठा प्राप्त गरेको समुहलाई प्रतिस्ठा समुह भनिन्छ । समाजशास्त्री म्याक्स वेबर का अनुसार प्रतिष्ठा समुहमा पर्ने व्यक्तिहरुको स्वार्थ सबैको एकै किसिमको हुन्छ । व्यक्तिले यस प्रकार प्राप्त गरेको प्रतिष्ठालाई औकात पनि भनिन्छ व्यक्तिले एकपटक प्राप्त गरेको औकातलाई नगुमाउनका लागि व्यक्तिले विभिन्न राजनैतिक दल लगायतका शक्ति र आर्थिक प्राप्तिका नजिक समेत रहिरहने प्रयास गर्दछ । जसले गर्दा

प्रतिष्ठा समुहले जहिले पनि तल्लो समुह माथि शोषण र दमन गर्दछ । जसले समाजमा असमानताको जरो गाड्दछ र पिछडिएका र सुविधाविहीन व्यक्तिहरु शिक्षा प्राप्त गर्ने आवसर बाट वन्चित हुनु पर्छ । औकात समुह सामान्य अर्थमा सम्पति, इज्जत, राजनिति शक्ति जस्ता समान स्वार्थमा आवद्ध हुन्छन् । आफ्नो साझा र समान स्वार्थ कायम राख्न औकात समुह क्रियाशिल हुन्छ । यस क्रियाशिलतामा सबै भन्दा महत्वपूर्ण भुमिका इज्जत र शक्तिको रहन्छ भनि म्याक्स वेबरले बताएका छन् ( शर्मा, एड शर्मा,२०६३) ।

वास्तवमा हाम्रो देशको समाजमा पनि दुई वर्ग छन् जसमा शोषक वर्ग जोसंग प्रशस्त सम्पति छ त्यस्ता वर्गले आफ्ना वालवालिकालाई संस्थागत विद्यालयमा पढाउछन् । गरिव, किसान, मजदुर(शोषित वर्ग) का बालबालिका सामुदायिक विद्यालयमा पढाउछन् । यी विद्यालय वीच पाठ्यक्रममा ठूलो अन्तर छ । अभिभावक विद्यार्थी र सम्पन्नता वीचमा पनि फरकता रहेको छ । जसको कारण यी दुई वर्ग वीच शिक्षामा ठूलो असमानता छ । तसर्थ आजसम्म गरिव अशिक्षित किसान जो शोषित वर्ग हो जसको वालवालिका शिक्षामा धेरै पछाडि परेका छन् । यो नै संस्थागत र सामुदायिक विद्यालयको एस.एल.सी. परीक्षाफलमा अन्तर आउने कारण हो । यो शिक्षाको अन्तर आउने कारणलाई निराकरण गरी द्वन्दात्मक स्थिति नआउनका लागि यी सिद्धान्तका विचारहरु सहयोगी भएकाछन् ।

## २.३ शैक्षिक उपादेयता

यस अनुसन्धान प्रस्तावनाको शीर्षक संग सम्बन्धित पूर्वसाहित्यको अध्ययन र सैद्धान्तिक खाकामा उल्लेख गरिएका सिद्धान्तबाट निम्न उपादेयता पाउन सकिएको छ । मार्क्सको द्वन्दवादी सिद्धान्तमा शोषकवर्गले शोषित वर्गको श्रम शोषण गरी उनीहरुलाई जहिले पनि प्रत्येक अवसरबाट वन्चित गरिएको हुन्छ । उत्पादन र वितरणमा भएको असमानताले वर्गको जन्म गर्छ र वर्ग संघर्ष हुन्छ । जब सम्म उत्पादन र वितरणका साधनमा सर्वहारा र पिछडिएका जातिको आधिपत्य हुँदैन तवसम्म संर्घष भइरहन्छ । तसर्थ उत्पादन र वितरणमा समानता हुनका लागि यी साधन माथि पिछडिएका र उत्पिडीत जातिको पूर्ण आधिपत्य हुनु पर्छ भनि मार्क्सले भनेकाछन् । त्यस्तै म्याक्स वेबरले पनि

समुदायमा भएका प्रतिष्ठित समुहका व्यक्तिहरु आफ्नो आधिपत्य कायम राख्न खोजी अन्य समुह माथि शोषण र दमन गर्छन भन्नु भएको छ । तसर्थ शोषक वर्गका बालबालिका पढाउने स्तरीय शैक्षिक वातावरण, निरन्तर मुल्याङ्कन, कक्षा वातावरण उपयुक्त, शैक्षिक सामग्री प्रयाप्त आदि प्रभावकारी वातावरणमा शिक्षा दिइन्छ भने शोषितका बालबालिका निम्न स्तरको पाठ्यक्रम, शैक्षिक सामग्री कमी भएका सामुदायिक विद्यालयमा पढाएको देखिन्छ । यहि शिक्षाको असमानता र आर्थिक असमानताबाट नै यी दुवै विद्यालयका वीच एस.एल.सी परीक्षाफलमा फरकता देखिन आएको झल्किन्छ । त्यसैले पुर्व साहित्य र सैद्धान्तिक खाकाको उपयोग गरी सामुदायिक र संस्थागत विद्यालयको परीक्षाफलमा आएको फरकताको तुलना गरी निष्कर्षमा पुग्नका लागि उपयोग गरिएकोछ ।

# परिच्छेद तीन :अध्ययन विधि

## ३ .२ अनुसन्धानात्मक ढाँचा

यो अध्ययनमा मूलत गुणात्मक विधिको प्रयोग गरिएको छ । तथ्याङ्क संकलन गर्दा गुणात्मक तथा संख्यात्मक दुवै तरीकाबाट गरिएकोछ । यो अध्ययन वर्णनात्मक र गुणात्मक पद्धतिमा आधारित हुन्छ । परिणात्मक भनेको अनुसन्धान विषय वस्तुका परिमाणलाई भौतिक रुपमा मापन गरी प्राप्त गरिने संख्यात्मक तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय विधिद्वारा निश्चित निर्ष्कषमा पुगिने खोजकार्यलाई परिणात्मक अनुसन्धान भनिन्छ (खनाल, २०६५) । गुणात्मक भनेको अनुसन्धान विषयवस्तुका चरहरुलाई व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुग्ने विधिलाई गुणात्मक अनुसन्धान भनिन्छ (खनाल, २०६५) । यी दुवै अनुसन्धान विधि मिसिएको अनुसन्धान पद्धतिलाइ मिश्रीत अनुसन्धान विधि भनिएकोछ । जसमा निम्न अध्ययन प्रक्रियाहरु अपनाएकोछ । जस अन्तर्गत विभिन्न तालिकाहरू चित्रात्मक प्रस्तुती , प्रतिशत आदि राखिएकोछ ।

### ३.२ अध्ययनको जनसंख्या र नमुना छनोट

तालिका १

| सि.नं | जनसंख्या समुह | | जम्मा | छनौट विधि |
|---|---|---|---|---|
| १ | प्रधानाध्यापक | ८ X १ | ८ | उद्देश्यात्मक |
| २ | अग्रेजी विषयका शिक्षक | ८ X १ | ८ | उद्देश्यात्मक |
| ३ | विद्यार्थीहरू | ८X४ | ३२ | साधारण सम्भाव्यता |
| ४ | व्यवस्थापन समितिको अध्यक्ष | ८ X १ | ८ | उद्देश्यात्मक |
| ५ | कक्षाकोठा शिक्षण अवलोकन | ८X २ | १६ | उद्देश्यात्मक |

यो शोधपत्र अध्ययनको लागि ताप्लेजुङ्ग जिल्लाको फुङलिङ्ग गा.वि.स.र खोकलिङ्ग गा.वि.स.वाट २/२ वटा सामुदायिक र २/२ वटा संस्थागत विद्यालयउद्देश्यात्मक छनौट विधि अनुसार नमुनाको रूपमा छनोट गरिएकोछ। छनौट भएका ८ वटा विद्यालयका कक्षा ९ र १० बाट २/२ जनाको दरले ३२ जना विद्यार्थी साधारण सम्भाव्यतामा आधारित नमुना छनौट विधिबाट प्रत्येक मा.वि.का कक्षा ९ र १० मा पढने सवै विद्यार्थीहरूको रोल नं. छुट्टा छुट्टै कागजका टुक्रामा लेखी गोला पारी २ ओटा बाकसमा राखी एक जना विद्यार्थीलाई कक्षा ९ र १० का २ ओटै बाकसवाट २ / २ ओटा गोला भिक्न लगाइ छनौट गरिएकोछ। प्रत्येक मा.वि. वाट १/१ जनाका दरले ८ जना शिक्षक, प्रत्येक मा.वि.को १/१ जनाको दरले ८ जना प्र.अ. र प्रत्येक मा.वि.का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १/१ जनाको दरले ८ जना उद्देश्यात्मक नमुना छनोट विधि अनुसार प्रश्नावलीको लागि छनौट गरिएको छ। छनौटमा परेका प्रत्येक विद्यालयका कक्षा ९ र १० का अङ्ग्रेजी विषयका कक्षाहरू कक्षा अवलोकन फारामको माध्यमबाट १६ वटा कक्षा कोठा शिक्षण छनोट गरी कक्षा अवलोकन गरिएको छ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरू

अध्ययनमा आवश्यक तथ्याङ्क संकलन गर्दा निम्न साधनहरूको निर्माण गरिएको छ।

### ३.३.१ कक्षा अवलोकन फाराम

अध्ययनका लागि छनौट गरिएको विद्यालयको कक्षा ९ र १० मा अग्रेजी विषयको कक्षा शिक्षण अवलोकन गर्न कक्षा अवलोकन फारामको निर्माण गरी प्रयोग गरिएको छ । कक्षा अवलोकन फारामको नमुना अनुसूची ५ मा राखिएको छ।

### ३.३.२ अन्तर्वाता सूची

एस.एल.सी. परीक्षाफलसंग सम्वन्धित विभिन्न तथ्याङ्क र समस्याहरू संकलनका लागि प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र विद्यार्थीकालागि छुट्टा छुट्टै प्रश्नावली निर्माण गरी प्रयोग गरिएको छ। यी प्रश्नावली खुला प्रकृतिका हुन्छन्। अन्तर्वार्ता प्रश्नावली अनुसूचि १ देखि ४ सम्म राखिएका छन्।

## ३.४ तथ्याङ्कका स्रोतहरू

तथ्याङ्क संकलन गर्दा यस अध्ययनको लागि निम्न विधि प्रयोग गरिएको छ :

३.४.१ प्राथमिक स्रोत -अनुसन्धान कर्ताले प्रश्नावली र अन्तरवार्ताको माध्यमले अध्ययन क्षेत्रमा गई विद्यार्थी, शिक्षक, प्र.अ., अभिभावकहरुबाट प्राप्त तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ ।

३.४.२ द्धितीय स्रोत - विद्यार्थीको विद्यालयमा भएको एस.एल.सीको परीक्षाफल र विद्यार्थीसंग सम्बन्धित विभिन्न रेकर्डहरु द्धितीय तथ्याङ्क हुन्छन् ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

अध्ययनमा आवश्यक पर्ने प्राथमिक र द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ । तथ्याङ्क संकलन गर्दा अवलोकन, अन्तवार्ता , प्रश्नावली छलफललाई तथ्याङ्क संकलनको साधनको रूपमा प्रयोग गरिएको छ ।

प्राथमिक तथ्याङ्क संकलन गर्दा अध्ययनको लागि छनौट गरिएको विद्यालयमा गई प्र.अ.वा प्रिन्सिपलसंग भेट गरी अन्तवार्ता सूची भर्ने र प्र. अ. वा प्रिन्सिपलको अनुमति लिएर प्रत्येक मा.वि.को अग्रेजी शिक्षक एक जना र कक्षा ९ र १० बाट २ / २ जनाको दरले ४ जना विद्यार्थीसंग अन्तवार्ता सूची भरिएको छ । त्यसैगरी प्रत्येक विद्यालयको मा.वि. तहको कक्षा ९ र १० को २ ओटा कक्षाकोठा शिक्षण कक्षा अवलोकन फाराम प्रयोग गरी कक्षा अवलोकन गरिएको छ । प्रत्येक मा.वि.को वि.व्य.स. अध्यक्षसंग भेट गरी अन्तवार्ता सूची भरेर तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्यांकको व्याख्या तथा विश्लेषण

संकलित तथ्यांकहरुलाई तिनीहरुको प्रकृतिको आधारमा परिमाणात्मक तथा गुणात्मक विधि प्रयोग गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

यहाँ सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थीको एस.एल.सी परीक्षा फलको औषत उतिर्ण प्रतिशतको तुलना मल्टीपल बारडयाग्राममा प्रयोग गरिएको छ ।

# **परिच्छेद चार :** तथ्याङ्कको व्याख्या तथा विश्लेषण

## ४.१ सामुदायिक र संस्थागत विद्यालयहरुको एस.एल.सी. परीक्षाफलको अवस्था

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको एस.एल.सी. परीक्षाफलको अवस्थाको २०६५/०६६को जानकारी लिने उद्देश्यले ताप्लेजुङ्ग जिल्लाको सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुको एस.एल.सी. परीक्षाफल र ताप्लेजुङ्ग जिल्लाका फुङ्लिङ्ग र खोक्लिङ्ग गा.वि.स.अन्तर्गतका २/२ ओटा सामुदायिक र २/२ ओटा संस्थागत विद्यालयका एस.एल.सी. परीक्षाको परीक्षाफललाई तालिकामा देखाई निम्ननुसार व्याख्या र विश्लेषण गरिएको छ

### ४.१.१ ताप्लेजुङ्ग जिल्लाका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी परीक्षाफलको परिणाम

ताप्लेजुङ्ग जिल्लाका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुको २०६५/०६६ को एस.एल.सी.परीक्षाफलकोपरिणाम तलको तालिकाबाट स्पष्ट पारिएको छ।

तालिका - २

ताप्लेजुङ्ग जिल्लाका सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी.परीक्षाको परिणाम

२०६५ र ०६६

| विद्यालयको किसिम | विद्यालयको संख्या | परीक्षामा सहभागी संख्या | | उतिर्ण संख्या | | उतिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | २०६५ | २०६६ | २०६५ | २०६६ | २०६५ | २०६६ |
| सामुदायिक | ३८ | १६६५ | १९०२ | १४७९ | १६१२ | ८८.८२ | ८४.७५ |
| संस्थागत | ४ | १०२ | ११३ | ९६ | ११० | ९४.११ | ९७.३४ |

स्रोत : जि.शि.का. ताप्लेजुङ्ग, २०६७।

माथिको तालिका अनुसार ताप्लेजुङ्ग जिल्लाको २०६५ सालको एस.एल.सी. परीक्षामा ३८ ओटा सामुदायिक माध्यमिक विद्यालयबाट कुल १६६५ जना विद्यार्थी सहभागी भएकोमा कुल १४७९ जना ८८.८२% मात्र उत्तिर्ण भएका थिए। २०६६ को एस.एल.सी परीक्षामा सामुदायिक माध्यमिक विद्यालयबाट १९०२ जना विद्यार्थी सहभागी भएकोमा १६१२ जना ८४.७५% मात्र उत्तिर्ण भएका थिए। त्यसैगरी यस जिल्लाको ४ ओटा संस्थागत माध्यमिक विद्यालयबाट कुल १०२ जना विद्यार्थी एस.एल.सी. परीक्षामा सहभागी भएकोमा ९६ जना

९४.११ प्रतिशत उत्तिर्ण भएका छन् । २०६६ को एस.एल.सी.परीक्षामा संस्थागत माध्यमिक विद्यालयबाट ११३ जना विद्यार्थी एस.एल.सी. परीक्षामा सहभागी भएकोमा ११० जना

९७.३४% उत्तिर्ण भएका छन् । एस.एल.सी. परीक्षाको परिणाममा सामुदायिक र सस्थागत विद्यालय बीच तुलना गर्दा २०६६ को नतिजाबाट संस्थागत माध्यमिक विद्यालयको उत्तिर्ण प्रतिशत सामुदायिक विद्यालयको भन्दा १२ प्रतिशतले बढी रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने संस्थागत विद्यालयको एस.एल.सी. परीक्षाको परीक्षाफल राम्रो रहेको अवस्था देखिएको छ ।

### ४.१.२ अध्ययनमा रहेका सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी.परीक्षाको परिणाम

ताप्लेजुङ्ग जिल्लाको अध्ययनमा रहेका फुङ्लिङ्ग र खोक्लिङ्ग गा.वि.स.का ४ ओटा सामुदायिक र ४ ओटा संस्थागत माध्यमिक विद्यालयको २०६५ र ०६६ सालको एस.एल.सी. परीक्षाको परिणाम यस प्रकार रहेको थियो ।

तालिका -३

अध्ययनमा रहेका सामुदायिक र संस्थागत विद्यालयको एस.एल. सी. परीक्षाको परिणाम २०६५ र ०६६

| क.स. | विद्यालयको नाम | विद्यालयको किसिम | परीक्षामा सहभागी संख्या | | उत्तिर्ण संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०६५ | २०६६ | २०६५ | २०६६ | २०६५ | २०६६ |
| १ | बासु सं. उ. मा.वि. | सामुदायिक | ४७ | ६४ | ४४ | ५९ | ९३.८२ | ९२.१८ |
| २ | मोती उ. मा.वि. | सामुदायिक | ७६ | ७३ | ७५ | ७० | ९८.६८ | ९८.८९ |
| ३ | भानु उ. मा.वि. | सामुदायिक | ६६ | ६१ | ५३ | ३४ | ८०.३० | ५५.७३ |
| ४ | पृथ्वी उ.मा.वि. | सामुदायिक | ३२ | ५२ | ३१ | ५१ | ९८.६८ | ९६.१५ |
| ५ | कञ्चनजंघा आवासिय उ.मा.वि. | संस्थागत | २६ | ४८ | २६ | ४८ | १०० | १०० |
| ६ | मेची सेन्टमेरीज उ.मा.वि. | संस्थागत | १८ | २० | १८ | २० | १०० | १०० |
| ७ | अक्सफोड मा.वि. | संस्थागत | १२ | २० | १२ | २० | १०० | १०० |
| ८ | नव ज्योति मा.वि. | संस्थागत | ४६ | २५ | ४० | २२ | ८६.९६ | ८८ |

स्रोतः स्थलगत भ्रमण ,२०६६ ।

माथिको तालिका अनुसार सामुदायिक विद्यालयको २०६६ को एस.एल.सी परीक्षाको परिणाम अनुसार बासु सं. उ. मा.वि.बाट ६४ जना विद्यार्थी एस.एल.सी. परीक्षामा सहभागी भएकोमा उर्त्तिण ५९ जना ९२.१८ प्रतिशत, मोती उ. मा.वि.बाट ७३ जना विद्यार्थी सहभागी भएकोमा उर्त्तिण ७० जना ९८.८९ प्रतिशत, भानु उ.मा.वि. बाट ६१ जना परीक्षामा सहभागी भएकोमा उर्त्तिण ३४ जना ५५.७३ प्रतिशत र पृथ्वी उ.मा.वि.बाट ५२ जना परीक्षामा सहभागी भएकोमा उर्त्तिण ५१ जना ९६.१५ प्रतिशत भएको देखिन्छ ।

माथिको तालिका अनुसार २०६६ को परीक्षा परिणाम अनुसार संस्थागत माध्यमिक विद्यालय कन्चनजगां आवासीय उ.मा.वि.बाट ४८ जना, मेची सेन्टमेरीज आवसीय मा.वि बाट २० जना, अक्सफोडबाट २० जना विद्यार्थी एस.एल.सी. परीक्षामा सहभागी भएकोमा विद्यालयबाट १०० प्रतिशत र नवज्योती मा.वि बाट मात्र २५ जनामा २२ जना विद्यार्थी उर्त्तिण भएको देखिन्छ ।

यसरी अध्ययनमा रहेका ४ ओटै सामुदायिक मा.वि.को धेरै जना विद्यार्थी एस.एल.सी. परीक्षामा अनुत्तिर्ण भएको र निकै कम मात्र उर्त्तिण भएको तर संस्थागत ३ वटा मा.वि.को उर्तिण प्रतिशत शतप्रतिशत भएको र एउटा मा थोरै विद्यार्थी अनुतिर्ण भएकोबाट सामुदायिक मा.वि.का शिक्षकको भन्दा संस्थागत मा.वि.मा पुजींपति वर्गका बडी सकियता, र बाहुल्यता धेरै बढी भएको प्रष्ट हुन्छ ।


## तालिका - ४

### अध्ययनमा रहेका सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी.परीक्षाको परिणाम २०६५ र ०६६ को औषत उत्तिर्ण प्रतिशत

| विद्यालयको प्रकार | परीक्षामा उत्तिर्ण प्रतिशत | |
|---|---|---|
| | २०६५ | २०६६ |
| सामुदायिक विद्यालय | ९१.८५ | ८५.७४ |
| संस्थागत विद्यालय | ९६.७४ | ९७ |

स्रोतः जि.शि.का ताप्लेजुङ्ग ,२०६७

माथिको तथ्याङ्कलाई मल्टीपल बार डायग्राममा प्रस्तुत गर्दा




माथिको मल्टिपल बारडायग्राममा अध्ययन क्षेत्रभित्र रहेका सामुदायिक र संस्थागत विद्यायलको २०६५ सालको औषत उत्तिर्ण प्रतिशत क्रमश : ९१.८५ र ९६.७४ रहेको छ। जसमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उत्तिर्ण प्रतिशत ४.८९ ले बढि छ। त्यसैगरी वि.स. २०६६ सालमा सामुदायिक र संस्थागत विद्यालयहरुको औषत उत्तिर्ण प्रतिशत क्रमश : ८५.७४ र ९७ देखिन्छ तसर्थ यस सालमा संस्थागत विद्यालयको उत्तिर्ण प्रतिशत ११.२६ ले बढि छ। यस बाट के देखिन्छ भने दुबै सालमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको उत्तिर्ण प्रतिशत बढि रहेको पाइयो .

अध्ययनमा के देखियो भने सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा आर्थिक कारणले उच्च बर्गको बालबालिका संस्थागत विद्यालयहरुमा पढ्ने गर्छन भने शोषित वर्गका बालबालिका सामुदायिक विद्यालयमा पढ्ने गर्छन । शोषित वर्गका श्रम पुर्जीपतिवर्गले शोषक गरेको छ । शोषित वर्गका छोराछोरी विभिन्न काममा खटिनुपर्ने अभिभावकले पढाइलाई प्राथामिकता दिन सक्दैन त्यसैले उनीहरुको उपस्थिति न्यून रहन गएको हो । तसर्थ मार्क्सको विचार यस अध्ययनमा लागु भएको छ । मार्क्सले भनेका छन् सर्वहारा वर्गको उत्पादन र वितरणको साधनमा अधिनायकता भएपछि मात्र वर्गिय भिन्नता हट्छ मार्क्सका अनुसार आर्थिक तत्वले वर्गको जन्म लिन्छ । तसर्थ आर्थिक अभाव भएका कारण सामुदायिक विद्यालयमा पढ्उने शोषित वर्गले विद्यार्थीलाई सुधार गर्न सक्दैन । त्यसैले सामुदायिक विद्यायल संस्थागत विद्यालय भन्दा परीक्षाफलमा न्यूनता पाइन्छ ।

म्याक्स वेवरकाअनुसार सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक आधारले समाजमा औकात समूहको निर्माण गर्छ । औकात समूह आफ्नो प्रतिष्ठा कायम राख्न हरेक तवरबाट तत्पर हुन्छन। शोषित वर्ग रहेक पक्षमा पिछडिएका समुदाय भएकोले उनीहरु सामजिक, आर्थिक र राजनैतिक रुपले पिछडिएका छन् तर शोषक वर्ग यी माथिका सबै पक्षमा अगाडि भएका कारणले गर्दा उनीहरु प्रतिष्ठा कायम राख्नका लागि बालबालिकालाई संस्थागत विद्यालयमा पढाउने गर्दछन तसर्थ शोषितवर्ग आर्थिक र शैक्षिक स्तर तल रहेको कारणले गर्दा उनीहरु सामुदायिक विद्यालयमा पढाउन बाध्य हुन्छन् तसर्थ यस अध्ययनमा म्याकस वेवरको विचार उपयोगी भएको छ ।

## ४.२ सामुदायिक र संस्थागत विद्यालयहरुको एस.एल.सी. परीक्षाफलमा फरक आउनुका कारणहरु

सामुदायिक र संस्थागत विद्यालयहरुको एस.एल.सी.परीक्षाफलमा फरकता आउनमा विद्यालयमा गरेको अवलोकन, प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष र विद्यार्थीहरुसग अन्तरवार्ता र छलफलवाट प्रभावकारी रुपमा शैक्षिक उपलब्धि प्राप्त गर्नका लागि शैक्षिक र भौतिक समस्याहरु संस्थागत भन्दा सामुदायिक विद्यालयमा धेरै भएका कारणले गर्दा फरकता देखिएको छ । ती सामुदायिक र संस्थागत विद्यालयका समस्याहरुलाई तल चर्चा गरिएको छ । साथै दुबै विद्यालयमा देखिएका विभिन्न तत्वहरुको विचमा पनि असमानता रहेको कारणले गर्दा एस.एल. सी. परीक्षाफलमा ठुलो अन्तर देखिन्छ ।

### ४.२.१. सामुदायिक र संस्थागत विद्यालयका समस्याहरू

सामुदायिक माध्यमिक विद्यालयले नेपाल सरकारको अनुदान प्राप्त गर्ने भएता पनि सबै विद्यालयले पूर्ण अनुदान प्राप्त गर्न सकेका छैनन् । सामुदायिक र संस्थागत विद्यालयको प्रभावकारी रुपमा शैक्षिक उपलब्धि प्राप्त गर्नको लागि निम्न शैक्षिक र भौतिक समस्याहरू रहेको पाइयो । त्यसैले सामुदायिक र संस्थागत विद्यालयहरुको एस.एल.सी. परीक्षाफलमा फरकता रहनु सामुदायिक विद्यालयमा धेरै संस्थागत विद्यालयमा न्यून समस्या नै मुख्य कारणहरु पाईयो ।

(१) पढाइको आधार कमजोर : सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीहरूमा अग्रेजी विषयमा तल्लो कक्षा देखिको पढाइको आधार कमजोर र राम्रो नभएको कारण माध्यमिक तहमा उनीहरूलाई राम्रोसंग पढाएको विषयवस्तु बुझ्न, पढन र लेख्न बढी कठिन भएको पाइयो ।

सामुदायिक विद्यालयका शिक्षकहरूको अनुसार अधिकांश विद्यार्थीहरूको तल्लो कक्षादेखिको पढाइ लेखाइको आधार निकै कमजोर हुन्छ, उदार कक्षा नीतिका कारण सजिलै माथिल्लो कक्षामा पुगे पनि पढाइको आवश्यक आधार नभएको कारण माध्यमिक तहमा विद्यार्थीहरूलाई पढाएको विषय वस्तु बुझ्न, पढन, लेख्न र परीक्षामा प्रश्नको उत्तर दिन कठिन हुने गरेको छ ।

(२) विद्यार्थीहरूमा अभ्यासको कमी : विद्यार्थीहरूमा पढाइ लेखाइमा अभ्यासको कमी भएको र मेहनत नगरेको कारण शिक्षण सिकाइ गरेको विषयवस्तु सम्झन र बुझ्न नसकी धेरै विद्यार्थी पढाइमा असफल भएको पाइयो ।

सामुदायिक विद्यालयका शिक्षकहरूको अनुसार धेरैजसो विद्यार्थीहरू शिक्षकले पढाएको पाठ घरमा र विद्यालयमा राम्रोसंग पढने र अभ्यास गर्ने गर्दैनन्, लेख्न दिएको अभ्यास पनि निकै कम विद्यार्थीले मात्र गर्ने गर्दछन् । त्यसकारण विद्यार्थीहरूको पढाइ लेखाइमा अभ्यासको कमीले गर्दा परीक्षामा पढाएको विषय वस्तु बुझ्न, सम्झन नसकी धेरै विद्यार्थीहरू परीक्षामा राम्रो अंक ल्याउन सक्दैनन् ।

(३) उपयुक्त शैक्षिक सामग्रीको अभाव : सामुदायिक माध्यमिक विद्यालयमा शिक्षण सिकाइको लागि उपयुक्त शैक्षिक सामग्रीको अभाव र कमी भएको कारण शिक्षक विद्यार्थीलाई पढाएको विषयवस्तु राम्रोसंग सिकाउन, बुझाउन र सिक्नको लागि समस्या रहेको पाइयो । विद्यालयमा प्रसस्त मात्रमा शैक्षिक सामग्री नभएको र भएका शैक्षिक सामग्री पनि सबै विषय र पाठमा प्रयोग गर्न उपयुक्त नभएकोले शिक्षण सिकाइ प्रभावकारी रूपमा गर्न समस्या परेको पाइयो ।

सामुदायिक मा.वि.का शिक्षकहरूको अनुसार शिक्षण सिकाइको लागि उपयुक्त शैक्षिक सामग्रीको अभावले राम्रोसंग शिक्षण गर्न बुझाउन समस्या हुने गरेको छ ।

अंग्रेजी विषयमा सुनाइ सीपको विकासको लागि टेपरेर्कडरको समेत व्यवस्था छैन, भएको विद्यालयमा पनि शिक्षकले विद्यार्थी संख्या धेरै भएको कारण सबै विद्यार्थीलाई सुनाउन नसकिने हुँदा प्रयोग गर्दैनन् ।

(४) उपयुक्त वातावरणको अभाव : सामुदायिक मा. वि.हरूमा प्रभावकारी शिक्षण सिकाइको लागि उपयुक्त वातावरण नभएको पाइयो । सामुदायिक विद्यालयमा कक्षाकोठा साना र कच्ची, धुलै धुलो भएको, कक्षाकोठाको भुँइ र भित्ता ढलान र प्लास्टर नभएको, कक्षाकोठा फोहोर, सबैको लागि आवश्यक डेस्क बेन्च नभएको र कक्षाभित्र हल्ला हुने हुँदा शान्त वातावरणको अभाव भएको पाइयो ।

कक्षाको वातावरण सम्वन्धमा बासु सं उ.मा.वि.का विद्यार्थीहरूको भनाइ यस्तो थियो । "कक्षाकोठाको भुईंमा धुलै धुलो हुन्छ । भित्ताहरूमा पनि पलास्टर भएको छैन, डेस्क, बेन्च पनि उपयुक्त र प्रयाप्त छैनन् । यस्तो वातावरणमा पढन लेख्न मन नै लाग्दैन" ।

(५) शिक्षक विद्यार्थीको अनियमितता : सामुदायिक विद्यालयमा शिक्षकहरू नियमित विद्यालयमा नआउने र आएको दिनमा पनि ठीक समयमा कक्षामा प्रवेश गरी पुरा समय पढाउँदैनन् । विद्यार्थीहरू पनि धेरै अनियमित हुने र पढाइ लेखाइ कमजोर भई फेल हुने गरेको पाइयो । विद्यार्थीहरू घरको काम र आर्थिक अवस्था कमजोर भएकोले पढाइको खर्च जुटाउनको लागि अरूको ज्यालादारी काम गर्न र पर्म लगाउन समेत जाने हुँदा वर्षमा धेरै दिन विद्यालयमा उपस्थित हुँदैनन् । शिक्षकहरू पनि घरको काम, राजनितिक दलहरूको कार्यक्रम र कहिलेकाही अल्छी गरेर पनि विद्यालयमा उपस्थित हुँदैनन् ।

सामुदायिक मा.वि.का प्र.अ.हरूको अनुसार शिक्षकहरू विना सूचना विद्यालयमा अनुपस्थित हुने गर्दछन । विद्यालयमा आएको दिनमा पनि कुनै शिक्षक समयमा विद्यालयमा नआउने, आएको दिनमा पनि ठीक समयमा कक्षामा प्रवेश गरी शिक्षण गर्दैनन् र कुनै शिक्षक चाँडै नै कक्षाबाट बाहिर निस्कन्छन । विद्यार्थीहरू पनि नियमित विद्यालयमा नआउने र आएको दिनमा पनि बिचमै भागेर जाने गर्दछन् ।

(६) विद्यार्थी अनुशासनको कमी : सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरूमा अनुशासनको कमी भएको कारणले शिक्षण सिकाइमा समस्या परेको पाइयो । शिक्षण सिकाइ भएको बेला धेरै विद्यार्थीहरू ध्यान दिएर नसुन्ने गफ र हल्ला गरेर बस्ने, आफु पनि नपढने र अरूलाई पनि पढ्न, बुझ्न असर पार्ने गरेको पाइयो । अनुशासनमा नबस्ने विद्यार्थीलाई शिक्षकले मात्र तह लगाउन र कडा कारबाही गर्न नसक्ने, विद्यालय प्रशासनले पनि वास्ता नगर्ने भएकोले एस.एल.सी परीक्षा परिणाममा असर परेको पाइयो ।

सामुदायिक विद्यालयका शिक्षकहरूको अनुसार शिक्षण सिकाइ भइरहेको बेला कक्षामा धेरै विद्यार्थीहरू हल्ला गरेर बस्ने, पढाएको ध्यान दिएर नसुन्ने र अरूलाई पनि पढ्न, बुझ्न असजिलो पार्ने गर्दछन । त्यसकारण विद्यार्थीहरूको राम्रो पढाइ लेखाइमा समस्या हुने गरेको छ ।

(७) विद्यार्थी संख्या अनुसार सेक्सनको व्यवस्था नहुनु : सामुदायिक माध्यमिक विद्यालयमा विद्यार्थी संख्या धेरै भएको तर कक्षाकोठा र शिक्षक प्रयाप्त नभएकोले एउटै कोठामा धेरै विद्यार्थी राखेर शिक्षण सिकाइ गर्दा गृहकार्य जाँच गर्न, कक्षा नियन्त्रण गर्न र सबै विद्यार्थीलाई ध्यान दिएर पढाउन समस्या परेको पाइयो ।

सामुदायिक विद्यालयका शिक्षकहरूको अनुसार विद्यालयमा विद्यार्थी संख्या बढी हुने गरेको तर विद्यार्थी संख्या अनुसार प्रयाप्त कक्षाकोठा र शिक्षकको व्यवस्था विद्यालयले गर्न नसकेको कारण एउटै कोठामा धेरै जना विद्यार्थीहरू राखेर शिक्षण गर्दा सबै विद्यार्थीलाई ध्यान दिएर गृहकार्य जाँचँ गर्न, कक्षा नियन्त्रण गरी शिक्षण गर्न सकिंदैन ।

(८) विद्यार्थीहरूमा प्रतिस्पर्धात्मक भावनाको कमी : विद्यार्थीहरूमा शिक्षण सिकाइ, पढाइ लेखाइमा अरू विद्यार्थी भन्दा राम्रोसंग पढने, लेख्ने गरेर परीक्षामा अरूले भन्दा बढी अंक ल्याउँछु भन्ने प्रतिस्प्रधात्मक भावनाको कमी भएको देखिन्छ । परीक्षामा पनि एउटाको उत्तर अर्कोले सार्न खोज्ने र सोधेर सल्लाह गरेर लेख्ने गरेको जानकारी

पाइयो । यसरी विद्यार्थीहरूमा प्रतिस्पर्धात्मक भावनाको कमीले गर्दा शिक्षण सिकाइमा सक्रियताको कमी भएको पाइन्छ ।

सामुदायिक विद्यालयका शिक्षकहरूको अनुसार विद्यार्थीहरूमा पढाइ लेखाइमा प्रतिस्पर्धात्मक भावना निकै कम विद्यार्थीमा मात्र छ । धेरै जसो विद्यार्थीहअरू परीक्षामा अरू साथीसंग सल्लाह गरेर लेख्ने, एउटाले अर्कोलाई सोध्ने र सिकाउने गर्दछन । पढाएको बेलामा ध्यान दिएर पढने, लेख्ने र सुन्ने गर्दैनन ।

(९) शिक्षकहरूलाई दण्ड/ पुरस्कारको व्यवस्था नभएको : सामुदायिक माध्यमिक विद्यालयका शिक्षकहरू विद्यालयमा नियमित नहुने, मेहनत गरेर नपढाउने र कक्षामा समयमा प्रवेश नगर्दा पनि कुनै दण्ड/सजाय हुँदैन । त्यसैगरी विद्यालयमा नियमित हुने, मेहनत गरेर पढाउने इमान्दार र योग्य शिक्षकको पनि सही मूल्याङकन नहुने, प्रशंसा र पुरस्कारको व्यवस्था नभएकोले गर्दा उनीहरू पनि निरास भएर मेहनत गर्न छाडेको पाइयो । यसबाट एस.एल.सी. परिणाम कमजोर भएको पाइन्छ ।

सामुदायिक विद्यालयका शिक्षकहरूको अनुसार कतिपय शिक्षक विद्यालयमा नियमित उपस्थित नहुने, विना सूचना अनुपस्थित हुने र समयमा कक्षामा प्रवेश नगर्दा पनि कतैबाट कुनै दण्ड सजायँ हुँदैन भने नियमित विद्यालयमा उपस्थित हुने र मेहनत गरेर अध्यापन गर्ने शिक्षकको पनि सही मूल्याङ्कन हुँदैन । यस्ता शिक्षकलाई कुनै पुरस्कार र प्रशंसाको व्यवस्था हुँदैन ।

(१०) उपयुक्त कक्षाकोठा र भवनको अभाव : अध्ययनमा रहेका सबै मा.वि.हरूमा पक्कि भवन र उपयुक्त कक्षाकोठाको अभाव रहेको पाइयो । माटोको कच्ची भवन र कक्षाकोठा पनि विद्यार्थी संख्या अनुसार उपयुक्त आकारको नभई साना रहेको पाइयो र यसबाट शिक्षण सिकाइ र वातावरणमा समस्या परेको पाइयो ।

अध्ययनमा रहेका सामुदायिक मा.वि.हरूको शिक्षकहरूको अनुसार विद्यालयमा पक्की भवन छैन । माटोको कच्ची कक्षाकोठा पनि विद्यार्थी संख्या अनुसार निकै साना

आकारका छन । त्यसबाट पनि एस. एल. सी. परिणाम राम्रो बनाउन अप्ठ्यारो परेको छ ।

(११) विद्यालय व्यवस्थापन समिति र प्रशासनको निस्कृयता : सामुदायिक विद्यालयमा उपयुक्त र प्रभावकारी सन्चालन नहुनुमा विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले विद्यालयको शैक्षिक र भौतिक व्यवस्थापन, शिक्षक विद्यार्थीका समस्या समाधान सक्रिय भएर नगरेकोले पनि भएको पाइयो । विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले विद्यालयको प्रभावकारी व्यवस्थापनमा चासो नदिने, शिक्षक विद्यार्थीलाई अनुशासनमा राख्न नसकेको र राम्रो काम गर्ने शिक्षक विद्यार्थीको उचित मूल्याङकन नगरेको कारणले एस एल सी नतिजामा राम्रो नभएको पाइयो ।

सामुदायिक विद्यालयका शिक्षकहरूको अनुसार विद्यालय व्यवस्थापन समिति र प्र.अ.ले विद्यालयको शैक्षिक, भौतिक व्यवस्था र शिक्षक विद्यार्थीको समस्याहरू समाधानमा सक्रिय भएर नलाग्ने हुँदा प्र.अ.ले विद्यार्थीहरूलाई निर्देशन दिने र अनुशासनमा राख्न खासै चासो नदिने हुँदा राम्रो एस.एल.सी. परीक्षाफलमा शिक्षकले मात्र चाहेर पनि गर्न सकिँदैन ।

(१२) वि.नि.र स्रोत व्यक्तिबाट विद्यालयको नियमित निरीक्षण र सुपरीवेक्षण नहुनु : अध्ययनमा रहेका माध्यमिक विद्यालयहरूमा ४/५ वर्ष यता वि.नि.बाट निरीक्षण र सुपरीवेक्षण नै नभएको पाइयो । स्रोत व्यक्तिले चाही कहिले काही मात्र विद्यालय सुपरीवेक्षण गर्ने गरेको पाइयो । यसरी जि. शि.का.बाट वि.नि. र स्रोत व्यक्तिले विद्यालयहरूमा नियमित निरीक्षण सुपरीवेक्षण र निर्देशन नहुँदा शिक्षक प्र.अ.र विद्यालय व्यवस्थापन समिति निस्कृय भई सामुदायिक विद्यालयको विद्यार्थीका लागि राम्रो वातावरण नभएको पाइन्छ ।

अध्ययनमा रहेका सामुदायिक विद्यालयका प्र.अ.हरूको अनुसार विद्यालय निरीक्षकले ३/४ वर्ष यता एक पटक पनि विद्यालयको निरीक्षण र सुपरीवेक्षण नगरेको र कुनै निर्देशन र सुझाव शिक्षकहरूलाई नदिएको हुँदा शिक्षकहरू निस्कृय भई शिक्षण सिकाइ प्रभावकारी रूपमा गर्दैनन् । त्यसैगरी स्रोत व्यक्ति पनि कहिले काही मात्र

विद्यालयमा आई शिक्षकहरूसंग भेटघाट र छलफल गर्ने, धेरैजसो समय स्रोत केन्द्रमा नै बसेर काम गर्ने हुँदा विद्यालयको एस.एल.सी. परीक्षाको परीक्षाफल राम्रो हुन सकेको छैन ।

(१३) पाठ्यपुस्तक विद्यार्थीको स्तर अनुसार र पूर्ण नभएको : अंग्रेजी विषयको पाठयपुस्तक विद्यार्थीहरूको स्तर अनुसार नभएको र परीक्षामा निकै कम मात्र प्रश्न पाठयपुस्तकबाट सोधिने हुँदा शिक्षण सिकाइको लागि अपूर्ण भएको पाइयो ।

सामुदायिक मा.वि.को शिक्षकहरूको अनुसार मा.वि.तहको अग्रेजी विषयको पाठ्यपुस्तक विद्यार्थीहरूको स्तर अनुसार छैन । परीक्षामा पाठ्यपुस्तकबाट निकै कम प्रश्न मात्र र पाठ्यपुस्तक बाहिरबाट धेरै पश्नहरू आँउछन । परीक्षामा आउने सबै सामग्री खोजेर पढाउन सकिंदैन र भ्याईंदैन । त्यसकारण विद्यार्थीहरूले परीक्षामा राम्रोसंग लेख्न सक्दैनन् र राम्रो अंक ल्याउन सक्दैनन् ।

(१४) सामुदायिक विद्यालयको शिक्षक सरह तलव, सेवा र सुविधा नभएको : संस्थागत विद्यालयका शिक्षकले बढी सक्रिय भएर शिक्षण सिकाइ प्रभावकारी गरे पनि उनीहरूको तलव, भत्ता, सेवा र सुविधा सामुदायिक विद्यालयको शिक्षकको सरह नभएको र कम भएकोले अझ बढी सक्रिय भएर शिक्षण सिकाइ गर्न शिक्षकहरूमा हौसला नभएको पाइयो ।

संस्थागत विद्यालयका शिक्षकहरूको भनाइ अनुसार निकै सक्रिय भएर नियमित विद्यालयमा आएर प्रभावकारी शिक्षण सिकाइ गरे पनि संस्थागत विद्यालयको शिक्षकहरूको तलव भत्ता सामुदायिक विद्यालयको शिक्षकको स्केल भन्दा कम छ, पेन्सन, संचयकोष, र अन्य कुनै भत्ताको व्यवस्था छैन । यसले गर्दा शिक्षकहरूलाई बढी सक्रिय भएर शिक्षण सिकाइ गर्न हौसला र प्रोत्साहन छैन ।

(१५) तालिमको अभाव : संस्थागत विद्यालयको शिक्षकहरूलाई सामुदायिक विद्यालयको शिक्षकहरूलाई जस्तो शैक्षिक जनशक्ति विकास केन्द्र र जि.शि.का.बाट प्रदान गरिने सेवाकालिन तालिम, पुनर्ताजगी तालिम र मागमा आधारित कुनै पनि तालिमको

अवसर नपाएकोले अझ प्रभावकारी रूपमा शिक्षण गर्न समस्या रहेको पाइयो । संस्थागत विद्यालयमा शिक्षण गर्न अध्यापन अनुमति पत्र आवश्यक नपर्ने हुँदा शिक्षक तालिम नलिएका र शिक्षाशास्त्र विषय अध्ययन नगरेका धेरै शिक्षकले संस्थागत विद्यालयमा अध्यापन गरिरहेको पाइयो ।

संस्थागत विद्यालयका शिक्षकहरूको अनुसार सामुदायिक विद्यालयको शिक्षकहरूलाई जस्तो संस्थागत विद्यालयका शिक्षकहरूलाई सेवाकालिन शिक्षक तालिमको व्यवस्था जि.शि.का. र विद्यालयले गरेको छैन । त्यसैगरी पूनर्ताजगी तालिम र शिक्षण सिकाइमा आएका विभिन्न समस्याहरूको बारेमा हुँने मागमा आधारित तालिममा पनि संस्थागत विद्यालयका शिक्षकहरूलाई प्रदान गरिंदैन ।

(१६) शिक्षकहरूको पेशागत सुरक्षाको सुनिश्चितता नभएको : संस्थागत विद्यालयको शिक्षकहरूलाई सामुदायिक विद्यालयको शिक्षकलाई जस्तो नियुक्ती पत्र दिने, स्थायी गर्ने, संचयकोष, पेन्सन, उपादान जस्ता सेवा सुविधाको व्यवस्था गरेको पाईंदैन । संस्थागत विद्यालयको शिक्षकहरूको पेशाको सुरक्षा र कुनै सुनिश्चितता छैन । शिक्षकहरूको सानो कमजोरी र गल्तीमा शिक्षक पेशाबाट विद्यालयले कुनै पनि बेलामा निकाल्न सक्ने भएकोले सधैं शिक्षकले मनमा डर, त्रास, भय र असुरक्षाको भावनाले शिक्षण सिकाइ गर्नुपर्दा अझ राम्रो र प्रभावकारी शिक्षण गर्न शिक्षकलाई उत्साह र प्रेरणाको कमी भएको पाइयो ।

संस्थागत विद्यालयका शिक्षकहरूको भनाइ अनुसार संस्थागत विद्यालयका शिक्षकहरूलाई नियुक्ति पत्र दिने, स्थायी गर्ने, संचयकोष कट्टी गर्ने, उपादान र पेन्सन जस्ता सेवा सुविधाको कुनै व्यवस्था छैन । एक पटक सानो गल्ती भएमा शिक्षक पेशाबाट विद्यालयले निकाल्ने गर्दछन । धेरै वर्ष शिक्षण सिकाइ गरेपछि विद्यालयबाट निस्कदा पनि रित्तो हात जानुपर्छ । यसरी शिक्षकको पेशागत सुरक्षाको सुनिश्चितता नभएकोले मनमा डर र असुरक्षाको भावनाले शिक्षण गर्नु परेको छ ।

(१७) पाठ्यक्रम र पाठ्यपुस्तक विद्यार्थीको स्तर मिल्दो नभएको : खासगरी अंग्रेजी अविषयमा पाठ्यक्रमा राखिएका उद्देश्य अनुसार र समयको माग अनुसार

पाठ्यपुस्तक स्तरयुक्त छैन । पाठ्यपुस्तकमा राखिएका सामग्री र विषयवस्तु प्रयाप्त नभएको पाइयो । परीक्षामा सोध्ने प्रश्नहरू निकै कम मात्रामा पाठ्यपुस्तकबाट आउने र धेरै प्रश्नहरू पाठ्यपुस्तक बाहिरबाट आउने हुँदा पाठ्यपुस्तक विद्यार्थीहरूको आवश्यकता र स्तर अनुसार अपूर्ण र अनुपयुक्त भएको पाइयो । संस्थागत विद्यालयका शिक्षकहरूको भनाइ अनुसार पाठ्यपुस्तकबाट पाठ्यक्रमको उद्देश्यहरू निकै कम मात्र प्राप्त हुन्छ । परीक्षाको लागि तयारी गराउँन धेरै विषय वस्तु अन्य थप सन्दर्भ सामग्रीहरूबाट शिक्षण गराउँदा सधै व्यस्त रहनुपरेको र समयको पनि अभाव हुने गरेको छ ।

(१८) अंग्रेजी विषयको परीक्षा प्रणाली ठीक छैन : हालको परीक्षा प्रणालीले विद्यार्थीको शिक्षण सिकाइ सीपको सही र राम्रो रूपमा मापन गर्न सकेको छैन । पढाइ लेखाइ सीपको मूल्याङ्कन २ घण्टाको परीक्षाबाट मात्र सही रूपमा गर्न सकिंदैन । सुनाइ बोलाइ सीपको परीक्षामा पनि औपचारिकता मात्र पुरा गरिन्छ । पाठ्यक्रको उद्देश्य अनुसार गर्न गराउन नसकिएको पाइयो ।

संस्थागत माध्यमिक विद्यालयका शिक्षकहरूको अनुसार अंग्रेजी विषयमा पाठ्यक्रमले उल्लेख गरेअनुसारको परीक्षा प्रणालीले मात्र सही रूपमा विद्यार्थीको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको मूल्याङ्कन गर्न सकिंदैन ।

### ४.२.२ शिक्षकको सक्रियता

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी र दिगो बनाउन शिक्षकको भुमिका प्रमुख रहन्छ । त्यसमा पनि माध्यमिक तहको शिक्षक शिक्षण सिकाइ प्रभावकारी बनाउन इमान्दार, नैतिकवान, कर्तव्यनिष्ट र नियमित विद्यालयमा उपस्थित भै निरन्तर कक्षा शिक्षणमा तल्लीन रहनु प्रर्दछ । ताप्लेजुङ् जिल्लाको फुङ्लिङ्ग र खोक्लिङ्ग गा.वि.स.को सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका अंग्रेजी विषयको शिक्षकको उपस्थिति निम्न तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

तालिका -५

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका अंग्रेजी शिक्षकको उपस्थिति २०६५

| विद्यालयको किसिम | विद्यालय खुल्ने पर्ने दिन | विद्यालय खुलेको दिन (औसतमा) | पढाइ भएको दिन (औसतमा) | शिक्षकको उपस्थिति दिन औसतमा |
|---|---|---|---|---|
| सामुदायिक | २२० | २१५ | १८५ | १७० |
| संस्थागत | २२० | २४४ | २२० | २१० |

स्रोतः स्थलगत भ्रमण ,२०६६ ।

माथिको तालिका अनुसार सामुदायिक माध्यमिक विद्यालय वर्षमा निम्नतम २२० दिन खुल्नुपर्नेमा २१५ दिन खुलेको र १८५ दिन पढाइ भएको पाइयो । तर शिक्षकको उपस्थिति भने वर्षमा १७० दिन मात्र भएको पाइयो । संस्थागत माध्यमिक विद्यालयमा भने वर्षमा निम्नतम २२० दिन खुल्नु पर्नेमा २४४ दिन विद्यालय खुलेको र २२० दिन पढाइ भएकोमा शिक्षकको उपस्थिति २१० दिन भएको पाइयो ।

यसरी सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका शिक्षकहरूको विद्यालयमा उपस्थिति तुलना गर्दा संस्थागत माध्यमिक विद्यालयको अंग्रेजी शिक्षकको उपस्थिति नियमित र बढी भएको पाइन्छ । यसबाट संस्थागत मा.वि.को शिक्षक बढी सक्रिय भै शिक्षण गर्ने गरेको प्रष्ट हुन्छ ।

सामुदायिक र संस्थागत माध्यमिक विद्यालय तहको अंग्रेजी शिक्षकको सक्रियता बारेमा गरिएको कक्षा अवलोकनबाट निम्न जानकारी प्राप्त भयो ।

दैनिक गृहकार्य जाँच गर्ने र विद्यार्थीहरूलाई उत्प्रेरणा दिने कार्यमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयका शिक्षकहरू बढी सक्रिय रहेको पाइयो । विद्यार्थीहरूलाई मौखिक रूपमा प्रश्न सोध्ने कार्यमा भने सामुदायिक र संस्थागत दुवै विद्यालयका शिक्षकहरू बराबर नै सकिय रहेको पाइयो । सामुदायिक र संस्थागत विद्यालयको शिक्षकहरूको सकियताको तुलनात्मक रूपमा अध्ययन गर्दा विद्यार्थीहरूको गृहकार्य जाँच गर्ने, विद्यार्थीहरूलाई पढाइको लागि उत्प्रेरणा दिने, विद्यार्थीहरूको प्रश्नको जवाफ खुसी भएर दिने,लिखित रूपमा प्रश्न साध्ने, विद्यार्थीको ठीक उत्तरलाई पृष्ठपोषण र

प्रशंसा प्रदान गर्ने र दैनिक रूपमा गृहकार्य दिने कार्यमा सामुदायिक विद्यालयका शिक्षक भन्दा संस्थागत विद्यालयका शिक्षक बढी सक्रिय रहेको पाइयो ।

सामुदायिक र संस्थागत विद्यालयका शिक्षकको सक्रियता र भुमिकामा आएको फरकले गर्दा ताप्लेजुङ्ग जिल्लाको सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी.परीक्षाको परिणाममा धेरै भिन्नता आएको कुरा तलको तालिकाबाट प्रष्ट पारिएको छ ।

### ४.२.३ विद्यार्थीको सक्रियता

शिक्षण सिकाइ क्रिणकलाप शिक्षक र विद्यार्थी बिना गर्न सकिंदैन । विद्यार्थी विनाको सिकाइ निरर्थक हुन्छ । शिक्षण शिकाइ क्रियाकलापमा विद्यार्थीको सक्रिय सहभागिता हुनु आवश्यक छ । विद्यार्थीहरू दैनिक रूपमा विद्यालयमा उपस्थित भई सक्रिय रूपमा शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुन सकेनन भने गुणात्मक शिक्षा र राम्रो सिकाइ उपलव्धी प्राप्त गर्न सक्दैनन । शिक्षकको शिक्षण सिकाई सफल हुनको लागि विद्यार्थीको नियमित उपस्थिति आवश्यक छ । अध्ययनमा रहेका फुङ्लिङ्ग र खोक्लिङ्ग गा.वि.स.का सामुदायिक र संस्थागत माध्यमिक तहको विद्यार्थीको औसत उपस्थिति यस प्रकार रहेको थियो ।

तालिका - ६

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको विद्यार्थीको औसत उपस्थिति २०६६

| विद्यालयको किसिम | जम्मा विद्यार्थी संख्या औसतमा | दैनिक उपस्थिति संख्या औसतमा | दैनिक उपस्थित प्रतिशत |
|---|---|---|---|
| सामुदायिक | २७० | १४० | ७५ |
| संस्थागत | ११५ | १११ | ९५ |

स्रोतः स्थलगत भ्रमण ,२०६६ ।

माथिको तालिका अनुसार सामुदायिक माध्यमिक विद्यालय तहका कुल २७० जना विद्यार्थी मध्ये दैनिक १४० जना ७५ प्रतिशत उपस्थित भएको देखिन्छ । तर संस्थागत माध्यमिक विद्यालयमा कुल ११५ जना विद्यार्थी मध्ये १११ जना ९५ प्रतिशत दैनिक उपस्थित भएको देखिन्छ । तुलनात्मक रूपमा सामुदायिक माध्यमिक विद्यालयमा

अध्ययनरत विद्यार्थी भन्दा संस्थागत माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीको उपस्थिति प्रतिशत बढी देखिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरूको अनुसार उनीहरूमध्ये धेरैजसोको अभिभावक अशिक्षित र गरिब किसान भएका कारण शिक्षाको महत्व राम्ररी नबुझेकोले घरको काम, खेतीपातीको काम र कापी कलम र पाठ्यपुस्तक किन्नका लागि अरूको भारी बोक्ने र ज्यालादारी काम गर्नु पर्ने भएकोले नियमित विद्यालयमा उपस्थित हुन सक्दैनन् ।

त्यसैगरी संस्थागत विद्यालयका शिक्षकहरूको अनुसार संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू धेरैजसो शिक्षक, कर्मचारी,व्यापारी, नेता तथा सम्पन्न परिवारका भएकाले उनीहरूका अभिभावकले शिक्षाको महत्व राम्रोसंग बुझेको हुँदा र घरमा काम गरेर बस्नु नपर्ने भएकोले बढी नियमित उपस्थित हुन्छन । कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा सामुदायिक र संस्थागत माध्यमिक विद्यालयका विद्यार्थीहरूको सहभागिता निम्न तालिकाबाट प्रष्ट पारिएको छ ।

### ४.२.४ कक्षाकोठाको वातावरण

विद्यालयको भौतिक पूर्वाधार जुटाई आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हो भने कक्षाकोठा भित्रको वातावरण शान्त, सफा र स्वस्थ पार्ने शिक्षकको जिम्मेवारी हो । कक्षाकोठामा सजिलोसंग बस्ने व्यवस्था, कक्षाकोठाको सरसफाई, हल्ला नियन्त्रण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले निभाएको भुमिका निम्न अनुसार प्रष्ट गरिएको छ ।

सामुदायिक माध्यमिक विद्यकालयको अवलोकनबाट विद्यालयमा उपयुक्त कक्षाकोठा नभएको, विद्यार्थी संख्या अनुसार कक्षाकोठा साना र कच्ची त्यसमा पनि धुलैधुलो र फोहोर भएको देखिन्छ । सामुदायिक  विद्यालयमा विद्यार्थी संख्या अनुसार प्रयाप्त पक्की र उपयुक्त फर्निचरको अभाव रहेको , सबै विद्यालयमा छात्राहरूको लागि भने अलग लाइनको बस्ने व्यवस्था भएको, सबै विद्यालयको भुईं कच्ची माटो र धुलो भएको, दैनिक सरसफाइको व्यवस्था नभएकोले कक्षाकोठा फोहोर भएको पाइयो । विद्यार्थी संख्या बढी भएको र धेरैजसो विद्यार्थीहरू शिक्षकले पढाएको विषयवस्तुमा ध्यान नदिई गफ र हल्ला गरेर बस्ने हुँदा कक्षाको पछाडि बस्ने विद्यार्थीले पढाएको विषयवस्तु राम्रोसंग सुन्न र बुझ्न नसकेको

पाइयो । कक्षाकोठामा उपयुक्त ठाउँमा झ्याल नभएकोले आवश्यक मात्रामा प्रकाश र हावाको अभाव हुनाको साथै पछाडिका सीटमा बस्ने विद्यार्थीले कालोपाटीमा लेखेको अक्षर राम्रोसंग देख्न नसकेको पाइयो ।

सामुदायिक विद्यायको कक्षाको वातावरण सम्वन्धमा भानु उ.मा.वि.को शिक्षकको भनाइ थियो "कक्षामा ७१ जना विद्यार्थी छन । विद्यार्थीहरूको हल्लाले गर्दा पछाडिको बेन्चमा बस्ने विद्यार्थीहरूले पढाएको कुरा राम्रोसंग सुन्न र बुझ्न सक्दैनन्" ।

संस्थागत विद्यालयको कक्षाकोठाको वातावरणको अध्ययनबाट संस्थागत विद्यालयको कक्षाकोठामा विद्यार्थी संख्या थोरै मात्र भएको र विद्यार्थी संख्या अनुसार कक्षाकोठा उपयुक्त र पक्की भएको पाइयो । विद्यार्थी संख्या अनुसार आवश्यक मात्रमा उपयुक्त र पक्की फर्निचर डेस्क बेन्चको व्यवस्था गरेको पाइयो । अक्सफोड आवसीय मा.वि बाहेक अरू विद्यालयमा छात्र छात्राको लागि भिन्नै सीटको व्यवस्था गरेको पाइयो । संस्थागत विद्यालयको भवन र भुईं समेत पलाष्टर र ढलान गरको हुँदा माटो धुलो धेरै नभएको र दैनिक रूपमा सफा गर्ने परिचरको समेत व्यवस्था भएकोले कक्षाकोठा सफा र राम्रो भएको देखन्छ । संस्थागत विद्यालयमा विद्यार्थी संख्या थोरै र अनुशासित भएकोले शिक्षकले पढाएको विषयवस्तु सवैले राम्रोसंग सुन्ने र बुझ्ने गरेको पाइयो तर बजारको नजिकै विद्यालय भएकोले बाहिरको हल्लाले केही असर गरको र विद्यालयको कक्षाकोठा सबैमा उपयुक्त प्रकास र हावा भने नभएको तर सबै विद्यालयको अधिकांश कक्षाकोठामा गर्मी समयमा पंखाको व्यवस्था गरेको पाइयो ।

कक्षाकोठाको वातावरण सम्वन्धमा संस्थागत विद्यालयका शिक्षकहरूको अनुसार एउटा कक्षामा २५-३० जना भन्दा बढी विद्यार्थी नराखिने र विद्यार्थीहरू अनुशासित भई पढाएको कुरा ध्यान दिएर सुन्ने र बुझ्ने गर्दछन ।

संस्थागत र सामुदायिक विद्यायको कक्षाकोठाको वातावरणको तुलनात्मक रूपमा अध्ययन गर्दा सामुदायिक विद्यायमा उपयुक्त कक्षाकोठा नभएको, आवश्यकता अनुसार फर्निचर र सरसफाइको कमी रहेको, कक्षामा हल्ला हुने र कक्षा नियन्त्रण नभएको पाइयो

भने संस्थागत विद्यालयमा उपयुक्त कक्षाकोठा, आवश्यकता अनुसार फर्निचर र सरसफाइको व्यवस्था गरको र कक्षाकोठामा हल्ला नभइ कक्षा नियन्त्रित भएको पाइयो ।

### ४.२.५ विद्यालयको व्यवस्थापन र प्रशासन

सामुदायिक माध्यमिक विद्यालयको व्यवस्थापन समिति र प्रशासन नाम मात्रको भएको र विद्यालयको व्यवस्थापन, सञ्चालन र रेखदेखमा खासै चासो नदिने गरेको पाइयो । विद्यालय व्यवस्थापन समितिले विद्यालयमा शिक्षक विद्यार्थी नियमित आए नआएको, शिक्षकले कसरी पढाएका छन् र विद्यार्थीले कसरी पढेका छन् भन्ने बारेमा कुनै चासो नदिएको पाइयो । विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सञ्चालनमा सहयोग र सल्लाह दिनको लागि गठन भएको शिक्षक अभिभावक संघको वर्षमा १-२ पटक बैठक बाहेक अरू कुनै भुमिका रहेको पाईंदैन । विद्यालयको व्यवस्थापनमा प्र.अ.ले नै ९० प्रतिशत भुमिका निभाएको देखिन्छ । विद्यालय व्यवस्थापन समितिको अध्यक्षले केही मात्रमा मात्र समय विद्यालयको व्यवस्थापन र रेखदेखमा दिएको पाइन्छ । विद्यालयको प्र.अ.मा पनि के कसरी आफ्नो विद्यालयलाई अरू विद्यालय भन्दा राम्रोसंग चलाउने र एस.एल.सी परीक्षाको परीक्षफल राम्रा बनाउने भन्ने सोच र सक्रियताको कमी देखिन्छ ।

सामुदायिक विद्यालयको प्रशासकिय अधिकृतको रूपमा प्र.अ. भएता पनि धेरैजसो प्र.अ.ले आफ्नो भुमिका राम्रोसंग निभाउन नसकेको पाइयो । प्र.अ.ले विद्यालयमा शिक्षक विद्यार्थीको अनियमितता र लापरवाही रोक्ने, शिक्षक विद्यार्थीलाई अनुशासनमा राख्ने, शिक्षण सिकाइ कार्यमा सक्रिय पार्ने, नियम कानुन पालना गराउने आदि पक्षमा नियन्त्रण गर्न नसकेको र नगरेको पाइयो । प्र.अ.ले विद्यालयको सम्बद्ध पक्षहरूलाई प्रभावकारी रूपमा परिचालन, निर्देशन, नियन्त्रण र कारवाही गर्न नसकेको कारण एस.एल.सी. परीक्षाको परीक्षाफल राम्रो हुन नसकेको देखिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयका प्र.अ.हरूको अनुसार व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक र विद्यार्थीले विद्यालयको व्यवस्थापन र सञ्चालनमा खासै सहयोग र वास्ता गर्दैनन् त्यसकारण पनि एस.एल.सी. परिणमको अवस्थामा सुधार आउन नसकेको हो ।

संस्थागत विद्यालयको अवलोकन र सरोकारवालाहरूसंगको अन्तर्वाता र छलफलबाट संस्थागत विद्यालयको संस्थापक र लगानीकर्ताहरू नै विद्यालय व्यवस्थापन समितिमा रहने हुँदा कसरी आफ्नो विद्यालय अरू विद्यालय भन्दा राम्रोसंग चलाउने र इज्जत राख्ने भन्ने सोच रहेको पाइयो । विद्यालय राम्रोसंग नचलेमा आफ्नो लगानी खेर जान सक्ने भएकोले पनि व्यस्थापन समिति बढी सक्रिय रहेको पाइयो । संस्थागत विद्यालयको व्यवस्थापनमा ९० प्रतिशत व्यवस्थपन समिति नै सक्रिय भई विद्यालयको शैक्षिक, भौतिक व्यवस्था मिलाउने, रेखदेख गर्ने, शिक्षक विद्यार्थी नियमित विद्यालय आएको नआएको बुझ्ने, शिक्षकले कसरी पढाएका छन र विद्यार्थीले कसरी पढेका सिकेका छन भन्ने बारेमा चासो दिने र कमी कमजोरी भए तत्काल सुधार गर्न लगाउने गरेको पाइयो । विद्यालयका प्रिन्सिपलले पनि विद्यालय व्यवस्थापन समिति र संस्थापकहरूको हरेक प्रयासमा साथ दिई सक्रिय भएर विद्यालयको एस.एल.सी. परीक्षाको परीक्षाफल राम्रो बनाउन लागि परेको देखिन्छ ।

संस्थागत विद्यालयका प्रिन्सिपलहरूको भनाइ अनुसार विद्यालयको संस्थापक र व्यवस्थापन समितिले विद्यालयको हरेक पक्षमा सक्रिय भई साथ दिने गरेकोले शिक्षण सिकाइ बढी प्रभावकारी भएको हो । सामुदायिक माध्यमिक विद्यालयका प्र.अ.हरूको अनुसार शिक्षकहरू प्र.अ.को निर्देशन र नियन्त्रणमा रहेर काम गर्न चाहदैनन् । विद्यार्थीहरूलाई अनुशासनमा राख्ने जिम्मा सम्वन्धित कक्षा शिक्षक र शिक्षकहरूलाई दिएको र आफुहरूले सबै कुरा हेर्न नभ्याउने भएको कारणले नतीजा राम्रा हुन नसकेको हो ।

सामुदायिक माध्यमिक विद्यालयको व्यवस्थापन र प्रशासन भन्दा संस्थागत माध्यमिक विद्यालयको व्यवस्थापन र प्रशासन बढी राम्रो र प्रभावकारी भएकोले, विद्यालयको व्यवस्थपनमा व्यवस्थापन समिति र प्र.अ. बढी सक्रिय भएर लागी परेकाले सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको नतीजा बढी राम्रो र प्रभावकारी भएको पाइयो ।

### ४.२.६ विद्यालय सञ्चालन र पढाइ हुने दिन

अध्ययनमा रहेका सामुदायिक माध्यमिक विद्यालयको अवलोकन र हाजिर रजिस्टरको अध्ययनबाट वर्षभरीमा औसतमा २१५ दिन विद्यालय खुल्ने गरेको र शिक्षण

सिकाइ क्रियाकलाप पढाइ लेखाइ भएको दिन १८५मात्र रहेको र त्यसमा पनि शिक्षक विद्यार्थी नियमित भएर पढाइ लेखाइ शिक्षण सिकाइ गर्ने दिन औसतमा १७० दिन मात्र रहेको देखिन्छ ।

सामुदायिक विद्यालयका प्र.अ.हरूको अनुसार विद्यालय खुल्ने दिन पनि कम भएको र खुलेको दिनमा पनि शिक्षक विद्यार्थी नियमित उपस्थित नहुने भएकोले वास्तविक रूपमा शिक्षण सिकाइ हुँने दिन कम भएकोले पनि एस. एल. सी.परिणाम कम भएको हुन सक्छ ।

संस्थागत माध्यमिक विद्यालयको हाजिर रजिष्टरको अध्ययनबाट वर्षभरीमा औसतमा २४४ दिन विद्यालय खुल्ने गरेको र शिक्षण सिकाइ क्रियाकलाप पढाइ लेखाइ भएको दिन २२० रहेको र शिक्षक विद्यार्थी नियमित भएर पढाइ लेखाइ शिक्षण सिकाइ गर्ने दिन औसतमा २१० दिन रहेको देखिन्छ । संस्थागत विद्यालयका शिक्षकहरूको अनुसार विद्यालयमा पढाइ लेखाइ हुने दिन पनि बढी भएको र शिक्षक विद्यार्थीको उपस्थिति पनि बढी नियमित भएको कारण पनि एस.एल.सी. परिणाम बढी राम्रो भएको हो ।

यसरी सामुदायिक र संस्थागत विद्यालयको विद्यालय सञ्चालन र पढाइ हुने दिनको तुलना गर्दा सामुदायिक माध्यमिक विद्यालयमा भन्दा संस्थागत माध्यमिक विद्यालयमा वर्षमा औसतमा ३० दिन बढी शिक्षण सिकाइ क्रियाकलाप भएको देखिन्छ । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षण सिकाइ भएको दिन बढी भएकोले पनि एस.एल.सी परिणाम बढी राम्रो भएको देखिन्छ ।

### ४.२.७ अभिभावकको लगानी र चासो

सामुदायिक विद्यालयमा सरकारले शिक्षकको तलव भत्ता, मसलन्द, प्रशासनिक खर्च र छात्रवृतिको लागि अनुदान प्रदान गर्ने गरेको र सामुदायिक विद्यालयमा अधिकांश किसान र गरीब अभिभावकहरूको छोरा छोरी पढने हुँदा अभिभावकको विद्यार्थीहरूको पढाइ लेखाइको लागि निकै कम मात्र आर्थिक लगानी रहेको हुन्छ । अभिभावकले कापी कलम , केहीमात्रमा भर्ना र परीक्षा शुल्कमा मात्र खर्च गरे पुग्छ । कतिपय अभिभावकले आवश्यक कापी कलमको समेत व्यवस्था नगरेको पाइन्छ । आफ्नो बढी लगानी र परिश्रम नपरेकोले सामुदायिक विद्यालयका अभिभावकको विद्यालय र विद्यार्थीको पढाइ लेखाइप्रति खासै चासो

नभएको पाइन्छ । विद्यार्थीहरू नियमित विद्यालय गए नगएको, राम्रोसंग पढे नपढेको बेला बेलामा विद्यालयमा गएर शिक्षक प्र.अ.संग बुझ्ने अभिभावक निकै कम भएको पाइयो । आफ्नो छोरा छोरीको परीक्षाको नतिजा बुझ्नको लागि विद्यालयले पत्र पठाउँदा समेत धेरै अभिभावक विद्यालयमा उपस्थित भई नतिजा कस्तो छ बुझ्दैनन् , अन्तिम परीक्षाको परीक्षाफल पछि फेल भएमा पास गरिदिन भन्न आउने गरेको जानकारी पाइयो । यसरी अभिभावकको लगानी र चासोको कमीका कारण विद्यार्थीहरूको एस.एल.सी परीक्षाको परिणाम  कम हुने गरेको देखिन्छ ।

सामुदायिक विद्यालयका प्र.अ.हरूको भनाइ अनुसार विद्यालयले अभिभावक भेला बोलाउँदा समेत अभिभावकहरू निकै कम मात्र विद्यालयमा आउने र विद्यार्थीहरूको सिकाइ उपलब्धीको बारेमा सोध्ने र बुझ्ने गर्दैनन् । त्यसकारण विद्यार्थीहरू पढाइमा सक्रिय रहँदैनन् ।

संस्थागत विद्यालय विद्यार्थीको शुल्कको भरमा चल्ने र यस्तो विद्यालयमा कर्मचारी, व्यापारी र सम्पन्न परिवारको छोरा छोरी पढने गर्दछन । संस्थागत विद्यालयमा अभिभावकको ठुलो आर्थिक लगानी परेको र अभिभावक शिक्षित भएकाले गर्दा आफुले गरेको लगानी अनुसार छोरा छोरी नियमित विद्यालय गए नगएको, राम्रोसंग पढे नपढेको, गृहकार्य गरे नगरेको र परीक्षाको नतिजा कस्तो छ भनी बुझ्नको लागि विद्यालयमा बेला बेलामा जाने, बुझ्ने र आवश्यक सबै कुराको व्यबस्था गरिदिने गरेको जानकारी प्राप्त भयो । संस्थागत माध्यमिक विद्यालयको प्रिन्सिपलहरूको भनाइ अनुसार अभिभावकहरू बेला बेलामा विद्यालयमा आई आफ्नो छोरा छोरीको पढाइको बारेमा बुझ्ने र परीक्षाको नतिजा ग्रहण गर्न सबै अभिभावक विद्यालयमा आउने गरको र कमी कमजोरी भएमा सुधार गर्न लगाउँछन, त्यसकारण पनि विद्यार्थीको पढाइ लेखाइ राम्रो भएको हो ।

यसरी विद्यार्थीहरूको शिक्षामा अभिभावकको लगानी, विद्यालय र विद्यार्थीको पढाइप्रतिको चासो सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा बढी भएको, जहाँ बढी लगानी रहेको छ त्यहा मात्र अभिभावकले चासो र सक्रियता दिने गरेकाले पनि विद्यार्थीहरूको एस.एल.सी परीक्षाफल संस्थागत विद्यालयमा राम्रो भएको देखिन्छ ।

संस्थागत विद्यालयका अभिभावकले शिक्षाको महत्व बुझेको र आवश्यक सबै कुराको व्यवस्था गरिदिने हुँदा विद्यार्थीहरूको पढाइ लेखाइमा खासै समस्या नभएको पाइन्छ ।

### ४.२.८ परीक्षा र मूल्याङ्कन प्रणाली

प्रथम त्रैमासिक, द्वितीय त्रैमासिक र अन्तिम परीक्षा गरी वर्षको ३ पटक परीक्षा सञ्चालन गरी विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन प्रणालीबाट मात्र मूल्याङ्कन गर्ने गरेको पाइयो । अध्ययनमा रहेका कुनै पनि विद्यालयमा एकाइ परीक्षा र मासिक परीक्षा लिई निर्णयात्मक र सुधारात्मक मूल्याङ्कन गर्ने गरेको पाइएन । यसरी निर्णयात्मक परीक्षाबाट मात्र मूल्याङ्कन गर्दा विद्यार्थीले आफ्नो कमी कमजोरी सुधार गर्ने मौका नपाउने र अभ्यासको कमी भई एस.एल.सी. परीक्षाफल कम प्राप्त गरेको पाइयो ।

संस्थागत माध्यमिक विद्यालयमा भने ३ पटक त्रैमासिक र वर्षको अन्तमा अन्तिम परीक्षा लिई वर्षमा कम्तिमा ४ पटक निर्णयात्मक मूल्याङ्कन गर्ने गरेको र प्रत्येक कक्षा र विषयमा एकाइ परीक्षा र मासिक परीक्षा गरी विद्यार्थीहरूको निर्माणात्मक र सुधारात्मक मूल्याङ्कन गरी कमी कमजोरी सुधार गर्न लगाउँदै नमुना प्रश्न पत्र समेतको बढी अभ्यास गराउने गरेको जानकारी प्राप्त भयो । यसबाट विद्यार्थीहरूको एस.एल.सी. परीक्षाको परिणाम  राम्रो रहेको जानकारी प्राप्त भयो ।

यस प्रकार सामुदायिक माध्यमिक विद्यालयमा भन्दा संस्थागत माध्यमिक विद्यालयमा बढी पटक परीक्षा गर्ने, निर्माणात्मक र निर्णयात्मक दुबै परीक्षा गरी विद्यार्थीहरूको कमी कमजोरी सुधार गर्ने, र प्रशस्त मात्रमा अभ्यास गर्ने मौका दिएको, एकाइ र मासिक परीक्षा गर्ने गरेको हुँदा परीक्षा र मूल्याङ्कन प्रणालीमा भएको भिन्नताबाट पनि  सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको एस.एल.सी. परिणाममा फरक आएको देखिन्छ ।

अध्ययनमा के देखियो भने समुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयमा आर्थिक कारणले उच्च बर्गको बालबालिका संस्थागत विद्यालयहरुमा पढ्ने गर्छन भने शोषित वर्गका बालबालिका सामुदायिक विद्यालयमा पढ्ने गर्छन । शोषित वर्गका श्रम पुर्जीपतिवर्गले शोषक गरेको छ । शोषित वर्गका छोराछोरी विभिन्न काममा खटिनुपर्ने अभिभावकले पढाइलाई प्राथामिकता दिन सक्दैन त्यसैले उनीहरुको उपस्थिति न्यून रहन

गएको हो । तसर्थ मार्क्सको विचार यस अध्ययनमा लागु भएको छ । मार्क्सले भनेका छन् सर्वहारा वर्गको उत्पादन र वितरणको साधनमा अधिनायकता भएपछि मात्र वर्गिय भिन्नता हट्छ मार्क्सका अनुसार आर्थिक तत्वले वर्गको जन्म लिन्छ । तसर्थ आर्थिक अभाव भएका कारण सामुदायिक विद्यालयमा पढ्ाउने शोषित वर्गले विद्यार्थीलाई सुधार गर्न सक्दैन । त्यसैले सामुदायिक विद्यायल संस्थागत विद्यालय भन्दा परीक्षाफलमा फरकता पाइन्छ । म्याकस बेवरका अनुसार सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक आधारले समाजमा औकात समूहको निर्माण गर्छ । औकात समूह आफ्नो प्रतिष्ठा कायम राख्न हरेक तवरबाट तत्पर हुन्छन। शोषित वर्ग रहेक पक्षमा पिछडिएका समुदाय भएकोले उनीहरु सामजिक, आर्थिक र राजनैतिक रुपले पिछडिएका छन् तर शोषक वर्ग यी माथिका सबै पक्षमा अगाडि भएका कारणले गर्दा उनीहरु प्रतिष्ठा कायम राख्नका लागि बालबालिकालाई संस्थागत विद्यालयमा पढाउने गर्दछन तसर्थ शोषितवर्ग आर्थिक र शैक्षिक स्तर तल रहेको कारणले गर्दा उनीहरु सामुदायिक विद्यालयमा पढाउन बाध्य हुन्छन् तसर्थ यस अध्ययनमा म्याकस वेवरको विचार उपयोगी भएको छ ।

## ४.३ सामुदायिक र संस्थागत विद्यालहरुको एस.एल.सी परीक्षाफललाई राम्रो बनाउने उपायहरु

सामुदायिक र संस्थागत विद्यालयहरुको एस.एल.सी.परीक्षाफल राम्रो बनाउनका लागि दुबै थरीका विद्यालयहरुका समस्याहरु र असमानताहरुलाई निराकरण गर्न विद्यालयहरुका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष र विद्यार्थीहरुसंगको अन्तरवार्ता, छलफल, र अवलोकनबाट निम्न उपायहरु अपनाउनु पर्ने देखिन्छ ।

(१) शिक्षाको आधार राम्रो बनाउनु पर्ने : सामुदायिक माध्यमिक विद्यालयको अंग्रेजी, गणित र विज्ञान जस्ता विषयको शिक्षण सिकाइ प्रभावकारी बनाउन, विद्यार्थीले पढाएको विषयवस्तु राम्रोसंग बुझ्न तल्लो कक्षा देखि नै ती विषयहरूमा प्रभावकारी शिक्षण सिकाइ गरी विद्यार्थीको शिक्षाको आधार राम्रो र दरो बनाउनु प्रर्दछ, तव मात्र विद्यार्थीहरूको सिकाइ उपलब्धी राम्रो भई एस.एल.सी. परिणाम राम्रो बनाउन सकिन्छ ।

अंग्रेजी विषयको सिकाइ उपलब्धीमा सुधार ल्याउन गर्नुपर्ने उपायको बारेमा बासु सं उ.मा.विका वि.व्य.स.अध्यक्षले अन्तर्वाताको क्रममा यस्तो भन्नु भएको थियो "तल्ला कक्षा देखि नै कठिन विषयहरूको पढाइको आधार राम्रो बनाउँदै लगेमा मा. वि. तहको एस.एल.सी परिणाममा सुधार ल्याउन सकिन्छ" ।

(२) आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गनुपर्ने : विद्यालय व्यवस्थापन समिति र विद्यालयले शिक्षकको शिक्षण सिकाइ प्रभावकारी र सरल बनाउनको लागि आवश्यक र उपयुक्त खालका शैक्षिक सामग्रीको व्यवस्था गरी प्रभावकारी रूपमा प्रयोग गर्न लगाउनु पर्दछ ।

सामुदायिक मा.वि.को शिक्षकहरूको अनुसार प्रभावकारी शिक्षण सिकाइ गर्न विद्यालयमा पाठ र विषयअनुसारको उपयुक्त शैक्षिक सामग्रीको आवश्यकता अनुसार व्यवस्था गर्नु पर्दछ । उपयुक्त खालको शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ गर्न पाए शिक्षण सिकाइ प्रभावकारी, छिटो र सरल रूपमा गर्न सकिने थियो ।

(३) विद्यार्थीहरूलाई बढी अभ्यास गराउने : सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरूले बढी मात्रामा पढे, लेखेका, सिकेका कुरा अभ्यास नगर्दा सिकाइउपलब्धी कम हुने हुँदा विद्यार्थीहरूलाई बढी भन्दा बढी गृहकार्य र अभ्यास गर्न लगाउनु पर्दछ । अभ्यासले मात्र सिकाइलाई पूर्ण बनाउँछ । शिक्षकहरूले दैनिक रूपमा पढाएको विषयवस्तुको गृहकार्य दिने र अभ्यास गर्न लगाउने गर्नु पर्छ । अन्तर्वार्ताको क्रममा मोती उ. मा. वि.को अंग्रेजी शिक्षकले अंग्रेजी विषयको नतिजामा सुधार ल्याउन विद्यार्थीहरूले बढी भन्दा बढी मेहनत र अभ्यास गर्नु आवश्यक छ भन्नु भयो ।

सामुदायिक विद्यालयका शिक्षकहरूको अनुसार विद्यार्थीहरू पढन दिएको पाठ र पढाएको पाठको राम्रो अभ्यास गर्दैनन्, लेख्न दिएको पाठ र अभ्यास पनि निकै कमले मात्र गर्दछन । विद्यार्थीहरूलाई पढन, लेख्न बढी अभ्यास गर्ने बानी बसाउन सके र दैनिक रूपमा गृहकार्य जाँच र सोध्ने गरेमा शिक्षण सिकाइ प्रभावकारी बनाएर एस.एल.सी परिणाम राम्रो बनाउन सकिन्छ ।

(४) उपयुक्त वातावरणको निर्माण गर्ने : सामुदायिक माध्यमिक विद्यालयको शिक्षण सिकाइमा सुधार गर्न विद्यालयको भवन, कक्षाकोठा पक्की र विद्यार्थी संख्या अनुसार उपयुक्त बनाउनु पर्छ । सजिलो खालको स्थायी फर्निचरको आवश्यक व्यवस्था, विद्यालयको भुँइ भित्ता ढलान र प्लास्टर गर्नु पर्छ । कक्षाकोठा भित्र र बाहिर पूर्ण रूपमा अनुशासन कायम गरी होहल्ला गर्न नदिई शिक्षण सिकाइ गर्ने वातावरण बनाउनु पर्दछ ।

सामुदायिक विद्यालयका शिक्षकहरूको भनाइ अनुसार विद्यालयको शिक्षण सिकाइ आर्कषक र प्रभावकारी बनाउन विद्यालयको भवन र कक्षाकोठा पक्कि, सफा, भुँइ भित्ता ढलान र प्लाष्टर गरेको हुनुपर्छ । कक्षा भित्र र बाहिरको होहल्ला नियन्त्रण गरी शान्त वातावरणमा शिक्षण सिकाइ गर्ने व्यवस्था हुनुपर्छ ।

(५) शिक्षक विद्यार्थीको उपस्थिति नियमित बनाउने : विद्यालयमा नियमित उपस्थित नहुने शिक्षक विद्यार्थीलाई दण्ड/जरीवाना लगाउने गर्नु पर्छ । विना सूचना अनुपस्थित हुने शिक्षकको तलव कटाउने व्यवस्था गर्नु पर्छ भने बढी नियमित हुने र राम्रो शिक्षण सिकाइ गर्ने शिक्षक विद्यार्थीलाई उचित पुरस्कार र प्रशंसाको व्यवस्था गरी शिक्षक विद्यार्थीको उपस्थिति बढी नियमित बनाउनु पर्दछ ।

शिक्षक विद्यार्थीको उपस्थिति नियमित बनाउने सम्वन्धमा मोती उ. मा.वि.को वि.व्य.स. अध्यक्षको भनाइ यस्तो थियो "शिक्षण सिकाइ प्रभावकारी र राम्रो बनाउन नियमित विद्यालयमा उपस्थित नहुने शिक्षकको तलव कट्टी गर्नुपर्छ भने नियमित नहुने विद्यार्थीलाई पनि विद्यालय नआएको दिनको जरिवाना लगाउनुपर्छ । त्यसैगरी बढी नियमित हुने शिक्षक विद्यार्थीलाई उचित पुरस्कारको व्यवस्था गर्नुपर्दछ" ।

(६) विद्यार्थीहरूलाई अनुशासित बनाउने : विद्यार्थीहरूलाई बढी अनुशासित बनाउन प्र.अ.र शिक्षकहरूले नियमित लाइन लगाई प्राथना गराउने र विद्यार्थीहरूलाई बिभिन्न निर्देशनहरू दिने र कक्षामा पनि सधै निर्देशनहरू दिने र अनुशासनमा

नबस्ने विद्यार्थीहरूलाई उनीहरूको अभिभावक समेत बोलाइ सम्झाउने र आवश्यक कारबाही गरी विद्यार्थीलाई अनुशासनमा राख्नु पर्दछ ।

सामुदायिक माध्यमिक विद्यालयका शिक्षकहरूको भनाइ अनुसार विद्यार्थीहरूलाई कडा अनुशासनमा राखी शिक्षण सिकाई कार्यमा ध्यान दिने बनाउन कक्षा शिक्षक, विषय शिक्षक, प्र.अ.र अभिभावकले संयुक्त रूपमा पहल गर्नुपर्दछ । बढी बदमास विद्यार्थीहरूलाई अभिभावक समेत झिकाइ आवश्यक कार्यवाही गरी अनुशासनमा राख्नुपर्दछ ।

(७) विद्यार्थी संख्या अनुसार सेक्सन र शिक्षकको व्यवस्था गर्ने : जि.शि.का. शिक्षा मन्त्रालय र विद्यालयले विद्यार्थी संख्या अनुसार थप कक्षाकोठाको निर्माण र थप शिक्षकको व्यवस्था गरी विद्यार्थी संख्या बढी भएको कक्षामा सेक्सन कक्षाको व्यवस्था गरी थोरै विद्यार्थी मात्र राखेर शिक्षण गरेमा सबै विद्यार्थीलाई ध्यान दिई पढाउन र गृहकार्य जाँच गर्न सकिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयका प्र.अ.हरूको भनाइ अनुसार थोरै विद्यार्थी मात्र एउटा कक्षामा राखेर शिक्षण सिकाइ प्रभावकारी बनाउन दैनिक गृहकार्य जाँच र सबै विद्यार्थीलाई ध्यान दिएर शिक्षण सिकाइ गर्न थप सेक्सन कक्षा र थप शिक्षक दरबन्दीको व्यवस्था हुनुपर्दछ । त्यसको लागि जिल्ला शिक्षा कार्यालयले विद्यालयलाई आवश्यकता अनुसार शिक्षक दरबन्दी र थप कक्षाकोठा बनाउन सहयोग गर्नुपर्दछ ।

८) उपयुक्त भवन र कक्षाकोठाको व्यवस्था गर्ने : सामुदायिक माध्यमिक विद्यालयको भवन र कक्षाकोठा पक्की र शिक्षण सिकाइको लागि उपयुक्त बनाउन विद्यालय र जि.शि.का.ले आवश्यक पहल गरी स्थायी भौतिक संरचना निर्माण गर्नको लागि सहयोग गरी व्यवस्था गर्नु पर्ने देखिन्छ । सामुदायिक माध्यमिक विद्यालयका शिक्षकहरूको अनुसार पक्की र सफा भवन र कक्षाकोठा, भुँई भित्ता ढलान र प्लाष्टर भएको, रंग रोगन लगाएको र आर्कषक भएमा विद्यार्थीहरू पढाइ लेखाइतिर बढी ध्यान दिने भई स्तर उकास्न सकिन्छ ।

(९) विद्यालय प्रशासन र वि.व्य.स. बढी सक्रिय हुनुपर्छ : सामुदायिक माध्यमिक विद्यालयमा राम्रो र प्रभावकारी शिक्षण सिकाइ गर्न गराउन विद्यालय व्यवस्थापन समिति र प्र.अ.ले बढी सक्रिय भई शिक्षक, विद्यार्थी र अभिभावक समेतको सहयोग र सल्लाह लिई प्रभावकारी शिक्षण सिकाइको लागि आवश्यक शैक्षिक र भौतिक व्यवस्था मिलाउने, शिक्षक विद्यार्थीलाई अनुशासमा राख्ने, सक्रिय बनाउने र कक्षा अवलोकन गर्ने र आवश्यक निर्देशन दिने र आवश्यक कारवाही समेत गर्नु पर्ने देखिन्छ ।

सामुदायिक माध्यमिक विद्यालयका शिक्षकहरूको भनाइ अनुसार विद्यालय व्यवस्थापन समिति र प्र.अ.ले बढी सक्रिय भै शिक्षक विद्यार्थीका शिक्षण सिकाइका समस्याहरू बुझ्ने र प्रभावकारी शिक्षणको लागि आवश्यक शैक्षिक, भौतिक व्यवस्था मिलाउने, शिक्षक विद्यार्थीलाई आवश्यक निर्देशन दिई अनुशासनमा राख्नु आवश्यक छ ।

(१०) नियमित निरीक्षण, अनुगमन र सुपरीवेक्षण गर्नु पर्ने : प्र.अ.र वि.व्य.स.ले नियमित रूपमा शिक्षकको कक्षा अवलोकन गरी आवश्यक निर्देशन र सुझाव दिने गर्नु पर्छ । जि.शि.का.ले पनि वि.नि.र स्रोत व्यक्तिहरूलाई कम्तिमा महिनाको एक पटक शिक्षा नियमावलीमा उल्लेख भए वमोजिम विद्यालयहरूको निरीक्षण र सुपरीवेक्षण गर्न लगाई शिक्षण सिकाइमा सुधार गर्न व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

सामुदायिक मा.वि.को वि.व्य.स.अध्यक्षहरूको भनाइ अनुसार प्रभावकारी शिक्षणको लागि प्र.अ. र पुरै व्यवस्थापन समितिले नियमित रूपमा शिक्षकको कक्षा शिक्षणको अवलोकन गर्ने, शिक्षक विद्यार्थी नियमित भए नभएको बुझ्ने र आवश्यक सुझाव दिने गर्नुपर्दछ । त्यसै गरी जिल्ला शिक्षा कार्यालयबाट वि.नि., स्रोत व्यक्तिले पनि नियमित रूपमा विद्यालय निरीक्षण र सुपरीवेक्षण गरी आवश्यक सुधार गर्न लगाउनु पर्दछ ।

(११) पाठ्यपुस्तक विद्यार्थीको स्तर अनुसार र पूर्ण हुनुपर्छ : हालको अंग्रेजी विषयको पाठ्यपुस्तक विद्यार्थीहरूको स्तर अनुसार नभएकोले विद्यार्थीको स्तर मिल्दो बनाउनु

पर्दछ । परीक्षामा सोधिने सम्पूर्ण प्रश्नहरू समेटने गरी पाठ्यपुस्तक निर्माण गर्नु पर्दछ । एउटै पाठ्यपुस्तकमा सबै उद्देश्यहरू र विषय वस्तु समावेश भएको हुनु आवश्यक छ ।

सामुदायिक मा.वि.का शिक्षकहरूको भनाइ अनुसार वर्तमान अंग्रेजी विषयको पाठ्यपुस्तक विद्यार्थीको स्तर अनुसार बढी कठिन छ , त्यसकारण पाठ्यपुस्तक विद्यार्थीको स्तर अनुसार सरल बनाउनु आवश्यक छ । परीक्षामा सोधिने सम्पूर्ण प्रश्नहरूलाई समेटने गरी पाठ्यपुस्तक परीमार्जन गरी पुर्ण बनाएमा शिक्षक विद्यार्थीलाई पठन पाठन गर्न गराउन सजिलो बनाउन सकिन्छ ।

(१२) सामुदायिक विद्यालयको शिक्षक सरह तलव भत्ताको व्यवस्था गर्ने : संस्थागत विद्यालयका शिक्षकलाई पनि सामुदायिक विद्यालयका शिक्षक सरहको तलव भत्ता प्रदान गरेमा शिक्षकहरू अझ बढी सक्रिय भएर मेहनत गरी शिक्षण सिकाइ गर्ने हुँदा शिक्षण सिकाइ अझै राम्रो र प्रभावकारी बनाउन सकिन्छ । संस्थागत विद्यालयका शिक्षकहरूको भनाइ अनुसार संस्थागत विद्यालयका शिक्षकहरूलाई सामुदायिक विद्यालयको शिक्षक सरहको तलव, भत्ता दिनु आवश्यक छ । सामुदायिक विद्यालयको शिक्षक सरह तलव, भत्ता भएमा शिक्षकहरू अझ बढी सक्रिय भएर बढी मेहनत गरी शिक्षण सिकाइ गर्नेछन ।

(१३) शिक्षकहरूको पेशागत सुरक्षाको सुनिश्चितता गरिनु पर्छ : संस्थागत विद्यालयमा पढाउने शिक्षकहरूलाई नियुक्ति पत्र दिने, स्थायी गर्ने, संचयकोष र पेन्सनको व्यवस्था गरी उनीहरूको पेशाको सुरक्षाको सुनिश्चितता भएमा शिक्षकहरू ढुक्क भएर बढी मेहनत र परिश्रम गरी अझ राम्रो र प्रभावकारी शिक्षण गर्न सक्ने देखिन्छ । संस्थागत विद्यालयका शिक्षकहरूको भनाइ अनुसार संस्थागत विद्यालयमा पढाउने शिक्षकहरूलाई पनि नियुक्ति पत्र दिने, स्थायी गर्ने, सञ्चयकोष र पेन्सनको व्यवस्था गरी पेसाको सुरक्षाको सुनिश्चितता भएमा शिक्षकहरू ढुक्क भएर लामो समय सम्म सक्रिय भई मेहनत गरी अझ प्रभावकारी शिक्षण सिकाइ गर्न गराउन सकिन्छ ।

(१४) आवश्यक तालिमको व्यवस्था गर्नु पर्छ : संस्थागत विद्यालयका शिक्षकहरूलाई पनि शिक्षण सिकाइमा भएका समस्याहरूबारे मागमा आधारित र पुनर्ताजगी तालिमको व्यवस्था विद्यालय र जि.शि.का.ले मिलाउनु पर्ने देखिन्छ । शिक्षकहरूले यस्तो तालिमको अवसर पाएमा अझ राम्रो र प्रभावकारी शिक्षण सिकाइ गर्न सक्दछन् । संस्थागत विद्यालयका शिक्षकहरूको भनाइ अनुसार शिक्षा शास्त्र विषय नपढेका तालिम अप्राप्त शिक्षकहरूलाई सामुदायिक विद्यालयका शिक्षकलाई जस्तै सेवाकालिन तालिम र शिक्षण सिकाइमा आएका समस्याहरूबारे छलफल र समाधान गर्न पुर्नताजगी र मागमा आधारित शिक्षक तालिमको व्यवस्था संस्थागत विद्यालयका शिक्षकहरूलाई पनि भएमा यस्तो अवसर पाएमा अझ प्रभावकारी र उपयुक्त तरिकाले शिक्षण सिकाइ गर्न सक्छन ।

(१५) परीक्षा प्रणालीमा आवश्यक सुधार गर्नु पर्छ : हालको परीक्षा प्रणलीमा आवश्यक सुधार गरी विद्यार्थीहरूको शिक्षण सिकाइबाट प्राप्त भएको ज्ञान,सीप र अभिवृतिको सही मापन गर्ने खालको बनाउनु पर्दछ । प्रत्येक एकाई र महिनामा परीक्षा गरी विद्यार्थीको मूल्याङ्कन गर्नु पर्ने देखिन्छ । संस्थागत विद्यालयका शिक्षकहरूको भनाइ अनुसार विद्यार्थीहरूलाई पढेका विषय वस्तुको बढी अभ्यास गराउन र सिकाइ उपलब्धी राम्रो बनाउन एकाई परीक्षा र मासिक परीक्ष समेत गरी निरन्तर रूपमा विद्यार्थीको मूल्याङ्कन गर्ने खालको परीक्षा प्रणलीको विकास गर्नुपर्दछ ।

अध्ययनको क्षेत्रमा परेका नमुना विद्यायहरुमा सामुदायिक विद्यालय भन्दा संस्थागत बिद्यालयको एस.एल.सी. परीक्षा परिणाममा अगाडि पाइयो । यी माथिका विभिन्न समस्या र समस्या समाधान गर्ने उपायहरु सवै मार्क्सको सिद्धान्त अनुसार आर्थिक असमनताको कारणले समाज दुई वर्गमा विभाजन भई फरकता भएको देखिन्छ । यी समस्या समाधान गर्न आर्थिक समानता हुनुपर्ने अनिवार्यता देखिन्छ यो सवै विभेद असमानताकौ परिणाम हो जस अनुसार सामुदायिक विद्यालयमा गरिवका वालबालिका पढ्ने, उनीहरुको आर्थिक

कमजोर भएको कारणले गर्दा वाबु आमाहरु धनीका घरमा काम गर्न जाने वालवालिकाहरुलाई घरायसी काम गर्न लगाउने गरेका कारणले विद्यालय नियमित नजाने गृहकार्य गर्न समय नहुने पाइयो । तर धनी वर्गको आर्थिक अवस्था मजबुद भएको कारणले उनीहरुको बालबालिका संस्थागत विद्यालयमा पढाउने नियमित उपस्थित हुने गृहकार्य प्रशस्त गर्ने शैक्षिक सामग्री यथेष्ट प्राप्त हुने कारणले गर्दा एस.एल.सी नतिजा राम्रो रहेको देखियो । तसर्थ मार्क्सको विचारमा आर्थिक कारणले वर्गको जन्म गर्छ र जहिले पनि पुजीँपति वर्गले सर्वहारा वर्गको श्रम शोषण गर्छ यिनै कारणले सामुदायिक विद्यालयका वालबालिको शैक्षिक स्तर कमजोर देखिन्छ । यस अध्ययनमा मार्क्सको विचार उपयोगी भएको छ । म्याक्स वेवरको विचारमा आर्थिक, सामाजिक र राजनैतिक र शैक्षिक तत्वहरुले समाजमा प्रतिष्ठा समुहको जन्म गर्छ त्यो समूह आफ्नो प्रतिष्ठा वचाउन तत्पर रहन्छ । शैक्षिक, आर्थिक, सामाजिक र राजनैतिक हैसियत कमजोर भएको शोषित वर्गले विद्यालयको शिक्षाको महत्व वुझ्न नसकी बालवालिकाहरु विद्यालय नपढाउने, समय दिन नसक्ने , घरायसी काममा लागउने, शैक्षिक सामाग्री किन्न नसक्ने गरेको पाइयो । जसले गर्दा शोषित वर्गका बालबालिका सामुदायिक विद्यालयमा पढाइने हुदा सामुदायिक विद्यालयमा सुधार गर्न नसकिएको हो तर पुजीँपति वर्गका वालबलिकाको पढाइमा बढि चासो गर्ने गरेको संस्थागत विद्यालयमा पढाएको नियमित गरेको शैक्षिक सामग्री प्रयाप्त दिएको नियमित विद्यालय उपस्थित गराएकोले संस्थागत विद्यालयको उत्तीर्ण भएको पाइन्छ । त्यसैले यस अध्ययनमा म्याक्र्स वेवरको विचार पनि उपयोगी देखिन्छ ।

# **परिच्छेद पाँचः** प्राप्ति, निष्कर्ष र सुझावहरू

यस परिच्छेदमा अघिल्लो परिच्छेदमा तथ्याङ्कको व्यख्या र विश्लेषणबाट प्राप्त भएको जानकारीको आधारमा प्राप्ति, निष्कर्ष र सुझाव दिने काम गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयको एस.एल.सी. परीक्षाको तुलनात्मक गर्दा आर्थिक असमानताको मुख्य कारणले नै सामुदायिक र संस्थागत विद्यालयको शिक्षक विद्यार्थीको उपस्थिति, शैक्षिक सामाग्री, गृहकार्य र कक्षा वातावरण, प्रशासन र अभिभावकको चासो आदिमा असमानता देखिएकोले नै तुलनात्मक रुपमा असमानता देखिएको हो । यिनै कुराहरुलाई पत्ता लगाउने उद्देश्यको आधारमा व्याख्या विश्लेषण गरी अध्ययनको प्राप्ति, निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

अध्ययनको उद्देश्यलाई पुरा गर्न ताप्लेजुङ्ग जिल्लाको फुङ्लिङ र खोक्लिङ्ग गा.वि.स. को ४ ओटा सामुदायिक र ४ ओटा संस्थागत विद्यालयका प्र.अ.,वि.व्य.स.अध्यक्ष,शिक्षक र विद्यार्थीसंग खुला प्रश्नावलीको माध्यमबाट अन्तर्वाता, कक्षा अवलोकन फाराम र छलफल र अन्य विद्यालयसंग सम्वन्धित आवश्यक माध्यमबाट तथ्याङ्क संकलन गरी अध्ययनबाट प्राप्त भएका मुख्य प्राप्तिहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

संस्थागत माध्यमिक विद्यालयको अंग्रेजी शिक्षकले सामुदायिक माध्यमिक विद्यालयको अंग्रेजी शिक्षकको तुलनामा ठीक समयमा कक्षामा प्रवेश गरी पाठको सुरूवात आकर्षित गर्ने, कक्षा व्यवस्थापन गर्ने र गृहकार्य जाँच गर्ने गरी पाठको सुरूवात बढी प्रभावकारी बनाएको पाइयो । त्यसैगरी सामुदायिक माध्यमिक विद्यालयको अग्रेजी शिक्षकको भन्दा संस्थागत माध्यमिक विद्यालयको अग्रेजी शिक्षकको विषयवस्तुको शिक्षण जिम्मेवारी वहन गर्नु पर्ने मानसिकताबाट कर्तव्य बोधको कारण बढी राम्रो र प्रभावकारी भएको पाइयो ।

कक्षाकोठा शिक्षण गर्दा सामुदायिक माध्यमिक विद्यालयका शिक्षकले बढी मात्रामा शिक्षक केन्द्रित व्याख्यान र परंपरागत अनुवाद विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको तर संस्थागत विद्यालयका शिक्षकले बढी मात्रामा विद्यार्थी केन्द्रित शिक्षण विधि छलफल, अभ्यास, प्रश्नोत्तर र अन्तक्रिया विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो ।

सामुदायिक माध्यमिक विद्यालयका शिक्षकले भन्दा संस्थागत माध्यमिक विद्यालयका शिक्षकले बढी नया नया र उपयुक्त शैक्षिक सामग्रीको प्रयोग र विद्यालयमा उपलब्ध भए सम्मको शैक्षिक सामग्री प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो ।

सामुदायिक र संस्थागत विद्यालयका शिक्षकको सक्रियताको तुलना गर्दा विद्यार्थीको गृहकार्य जाँच गर्ने, विद्यार्थीहरूलाई सिकाइमा उत्प्रेरणा दिने, विद्यार्थीको प्रश्नको जवाफ दिने, ठीक उत्तरलाई पृष्ठपोषण प्रदान गर्ने, प्रशंसा गर्ने र गृहकार्य दिने कार्यमा सामुदायिक माध्यमिक विद्यालयको शिक्षक भन्दा संस्थागत माध्यमिक विद्यालयका शिक्षक बढी सक्रिय रहेको पाइयो । त्यसैगरी सामुदायिक माध्यमिक विद्यालयको शिक्षकको तुलनामा संस्थागत माध्यमिक विद्यालयको शिक्षकको उपस्थिति नियमित र बढी भएको पाइयो सामुदायिक माध्यमिक विद्यालयको भन्दा संस्थागत माध्यमिक विद्यालयको एस.एल.सी.परीक्षाको परिणाम निकै बढी र राम्रो हुनुमा संस्थागत माध्यमिक विद्यालयको शिक्षकको सक्रियता, मेहनत र शिक्षण सिकाइमा लगनसिलता धेरै बढी भएकोले गर्दा हो भन्ने प्रष्ट भयो ।

सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीको तुलनामा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थीको उपस्थिति प्रतिशत बढी भएको पाइयो । त्यसैगरी सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीको तुलनामा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थीको शिक्षण सिकाइमा सक्रिय सहभागिता, प्रश्नोत्तर र छलफलमा भाग लिने, शिक्षकको निर्देशनमा कक्षाकार्य गर्ने, नियमित गृहकार्य गर्ने विद्यार्थी प्रतिशत निकै बढी रहेको पाइयो ।

शिक्षण सिकाइ कार्यमा छात्राहरूको सहभागिता संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको बढी रहेको पाइयो । सामुदायिक माध्यमिक विद्यालयको व्यवस्थापन र प्रशासन भन्दा संस्थगत माध्यमिक विद्यालयको व्यवस्थापन र प्रशासन बढी राम्रो र प्रभावकारी भएको, विद्यालयको व्यवस्थापनमा व्यवस्थापन समिति र प्र.अ. बढी सक्रिय भएर लागि परेकोले सामुदायिक माध्यमिक विद्यालयको भन्दा संस्थागत माध्यमिक विद्यालयको शिक्षण सिकाइ बढी राम्रो र प्रभावकारी भएको पाइयो ।

सामुदायिक माध्यमिक विद्यालयमा भन्दा संस्थागत माध्यमिक विद्यालयमा वर्षभरीमा औसत ३० दिन बढी शिक्षण सिकाइ क्रियाकलाप हुने गरेको पाइयो । सामुदायिक विद्यालयको अभिभावकको भन्दा संस्थागत विद्यालयको अभिभावकको विद्यार्थीको शिक्षण

सिकाइमा लगानी र चासो बढी रहेको पाइयो । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको कक्षाकोठा व्यवस्थापन, सरसफाई, फर्निचरको आवश्यक व्यवस्था, कक्षामा अनुशासन बढी राम्रो र प्रभावकारी भएको पाइयो ।

सामुदायिक विद्यालयको शिक्षकको भन्दा संस्थागत विद्यालयको शिक्षकको सक्रियता बढी भएकोले संस्थागत विद्यालयको शिक्षण सिकाइ बढी राम्रो र प्रभावकारी भएको पाइयो । सामुदायिक विद्यालयका शिक्षकले भन्दा संस्थागत विद्यालयका शिक्षकले बढी मात्रामा शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गरेकोले शिक्षण सिकाइ बढी सरल र प्रभावकारी भएको पाइयो । सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू बढी नियमित हुने, सक्रिय भएर शिक्षण सिकाइ कार्यमा भाग लिने, पढाएको ध्यान दिएर सुन्ने र बुझ्ने गरेको कारण शिक्षण सिकाइ कार्यमा राम्रो प्रगति गरेको पाइयो ।

सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा बढी पटक परीक्षा हुने, निर्णयात्मक र निर्माणात्मक परीक्षा, एकाइ र मासिक परीक्षा गरी बढी अभ्यास र सुधार गराउने हुँदा सिकाइ उपलव्धीमा सकारात्मक फरक आएको पाइयो । सामुदायिक विद्यालयको भवन, कक्षाकोठा कच्ची र उपयुक्त नभएको, फर्निचरको आवश्यकता अनुसार व्यवस्था गर्न नसकेको पाइयो ।

सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरूमा शिक्षण सिकाइको लागि अंग्रेजी विषयमा आवश्यक आधार नभएकोले गर्दा पढाएको विषयवस्तु राम्रोसंग बुझ्न र सिक्न नसकेको पाइयो । यसैगरी सामुदायिक र संस्थागत दुबै माध्यमिक विद्यालयमा आवश्यकता अनुसार उपयुक्त शैक्षिक सामग्रीको अभाव रहेको पाइयो । सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीमा भन्दा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थीमा अनुशासन बढी राम्रो भएको पाइयो ।

## ५.२ निष्कर्ष

सामुदायिक र संस्थागत माध्यमिक विद्यालयको शिक्षण सिकाइको तुलनात्मक रूपमा अध्ययन गर्दा संस्थागत माध्यमिक विद्यालयको शिक्षकको कार्यकुशलता, नियमितता, उत्तरदायित्व, सक्रियता राम्रो भएको पाइयो । पाठको सुरूवात, विषयवस्तुको शिक्षण, शिक्षण विधिको उपयुक्त प्रयोग, शैक्षिक सामग्रीको उपयुक्त प्रयोग, कक्षाकोठा व्यवस्थापन, सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता र पाठको अन्त्य जस्ता शिक्षण सिकाइ क्रियाकलापमा संस्थागत विद्यालयको शिक्षकको भूमिका प्रभावकारी रहेको पाइयो ।

विद्यालयमा पक्की भवन, उपयुक्त कक्षाकोठा, फर्निचरको उचित व्यवस्था सामुदायिक विद्यालयले आवश्यकता अनुसार गर्न नसकेको पाइयो । नेपाल सरकार शिक्षा मन्त्रालयले सामुदायिक विद्यालयको भवन र कक्षाकोठा निर्माण, कक्षाकोठा पुननिर्माण र मर्मत संभारको लागि सहयोग गर्दै आएको भएता पनि विद्यालयको व्यवस्थापन समिति र प्र.अ. सक्रिय भएर सम्वन्धित निकायमा पहल नगर्ने, जिम्मेवारीबाट पन्छने गरेको कारण विद्यालयमा पक्की भौतिक पूर्वाधारको उचित व्यवस्था गर्न सकेको पाइएन ।

सामुदायिक विद्यालयको जिम्मेवार व्यक्तिहरू प्रधानाध्यपक, विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकहरूको विद्यालयप्रतिको मायाँ र उत्तरदायित्व वहन गर्ने क्षमताको कमी र निश्क्रियताले विद्यालयको शिक्षण सिकाइको व्यवस्थापन कमजोर देखियो । प्र. अ. वि.व्य.स., वि.नि.र स्रोत व्यक्तिले नियमित र राम्रो शिक्षण गर्ने शिक्षक र अनियमित र राम्रो शिक्षण नगर्ने शिक्षकको सही मूल्याङ्कन नगर्ने, दण्ड र पुरस्कारको व्यवस्था नहुँदा कतिपय शिक्षकमा विद्यालय नियमित गएर नपढाए पनि तलव खान पाइन्छ भन्ने गलत धारणा बसेकोले नियमित विद्यालय नआउने र आएको दिन पनि ठीक समयमा कक्षामा प्रवेश गरी सक्रिय भएर शिक्षण नगर्ने प्रवृति पाइयो भने अर्कोतर्फ पेशाप्रति प्रतिबद्ध भई नियमित विद्यालय आउने र शिक्षण गर्ने इमान्दार, योग्य र दक्ष शिक्षकको समेत सही मूल्याङ्कन नहुँदा निरास र निश्क्रिय भई शिक्षण सिकाइ प्रभावकारी नभई शैक्षिक उपलब्धीमा कमी आएको पाइयो ।

गरीब, किसान, पिछडिएका, अशिक्षित जनताका छोराछोरी  सामुदायिक विद्यालयमा पढने हुँदा उनीहरूका छोराछोरीले घरको काम पनि गर्न पर्ने हुँदा नियमित विद्यालयमा जान, गृहकार्य गर्न फुर्सद नहुने, आवश्यक शैक्षिक सामग्री किन्न समेत नसक्ने हुँदा

सामुदायिक माध्यमिक विद्यालयको शिक्षण सिकाइ कमजोर भएको देखिन्छ । त्यसको विपरित संस्थागत विद्यालयमा व्यापारी, शिक्षक, कर्मचारी र सम्पन्न वर्गका छोराछोरीले पढने भएकोले उनीहरू नियमित विद्यालयमा उपस्थित हुँने, गृहकार्य गर्न प्रशस्त समय मिल्ने, घरको काम गर्न नपर्ने, शैक्षिक सामग्री किन्न समस्या नहुने भएकोले संस्थागत माध्यमिक विद्यालयको सिकाइ उपलब्धी उच्च र राम्रो भएको अध्ययनबाट जानकारी प्राप्त भयो ।

सामुदायिक विद्यालयको सम्पूर्ण क्रियाकलाप सुचारू रूपले चले नचलेको जि.शि.का.बाट वि.नि.स्रोत व्यक्तिले वर्षमा एक पटक पनि निरीक्षण नगर्ने, प्र.अ. र वि.व्य.स.ले पनि कक्षा अवलोकन र विद्यालयको रेखदेखमा बेवास्था गर्ने गरेको तर संस्थागत विद्यालयमा संस्थापक र वि.व्य.स.ले दैनिक रूपमा विद्यालयमा आई कुन शिक्षक आएका छन, कुन आएका छैनन् , कसले नियमित कक्षा लिएको छ, कसले लिएको छैन, कुन शिक्षक समयमा कक्षामा प्रवेश गरेको छैन, कुन शिक्षकले राम्रो पढाएको छ र कुन शिक्षकले राम्रो पढाएको छैन आदि विषयमा ध्यान दिईरहने, नियमित नहुने र राम्रो शिक्षण सिकाइ नगर्ने शिक्षक विद्यार्थीलाई कडा कारवाही गर्न समेत पछि नपर्ने हुँदा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी भएको पाइयो ।

सामुदायिक विद्यालयका अभिभावकहरू अधिकांश अशिक्षित र गरीब कीसान भएको हुँदा छोरा छोरी नियमित विद्यालय गए नगएको, राम्रोसंग पढे नपढेको विद्यालयमा गएर नबुझ्ने र पढाइ लेखाइको लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्था पनि कमै मात्र गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयका अभिभावकहरू शिक्षित र सम्पन्न भएको कारण छोरा छोरी नियमित विद्यालय गए नगएको, राम्रोसंग पढने लेख्ने गरे नगरेको विद्यालयमा गएर बेला बेलामा बुझ्ने र आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गरिदिने गरेको पाइयो । अभिभावकको छोरा छोरीको पढाइमा लगानी र चासो संस्थागत विद्यालयमा बढी रहेकोले पनि सिकाइ उपलब्धी राम्रो रहेको पाइयो ।

सामुदायिक माध्यमिक विद्यालयमा वर्षमा २/३ पटक निर्णयात्मक परीक्षा मात्र गरी विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको तर संस्थागत माध्यमिक विद्यालयमा धेरै पटक निर्माणात्मक र निर्णयात्मक दुबै  परीक्षाबाट विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको, एकाइ

परीक्षा र मासिक परीक्षा गरी विद्यार्थीको कमी कमजोरी सुधार गरी बढी अभ्यास गराउने गरेको कारण सिकाइ उपलव्धी बढी राम्रो भएको पाइयो ।

निष्कर्षमा के भन्न सकिन्छ भने शिक्षण सिकाइमा कक्षाकोठा शिक्षणले ठुलो भूमिका खेलेको हूँदो रहेछ । शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकको सक्रियता, दक्षताको साथै नियमितता, उत्तरदायित्वको वोध, पेशाप्रति सन्तुष्टि, अनुशासन आदिले प्रभाव पार्ने रहेछ । प्रभावकारी शिक्षण सिकाइमा विद्यालयको व्यवस्थापन, प्रशासन, निरीक्षण प्रणाली, अभिभावक, विद्यार्थी आदिको भूमिकाले समेत प्रभाव पार्ने कुरा अध्ययनबाट जानकारी प्राप्त भयो ।

## ५.३ सुझावहरू

सामुदायिक र संस्थागत विद्यालयको दुबै थरी विद्यालयको अवस्थाको कक्षा अवलोकन, प्र.अ. वि.व्य.स.अध्यक्ष, शिक्षक र विद्यार्थी संग गरिएको अन्तवार्ता, छलफल र अन्य विद्यालयको शिक्षण सिकाइसंग सम्वन्धित जानकारी र सुचनाको आधारमा तथ्याङ्क संकलन गरी प्राप्त गरिएको सूचनाको आधारमा गुणात्मक शैलीमा व्याख्या र विश्लेषण गरी प्राप्त भएको प्राप्ति र निष्कर्षको आधारमा ३ तहमा निम्न अनुसारको सुझावहरू प्रस्तुत गरिएका छन् ।

### ५.३.१ नीतिगत तहका सुझावहरू

शैक्षिक जनशक्ति विकास केन्द्र र जि.शि.का.ले सामुदायिक विद्यालयका साथसाथै संस्थागत विद्यालयका शिक्षकहरूलाई पनि शिक्षण सिकाइ सम्वन्धी सेवाकालीन, पुनर्ताजगी र मागमा आधारित तालिमको व्यवस्था गर्ने गरी नीति नियम र कार्यक्रम बनाउनु पर्ने , जिल्ला शिक्षा कार्यालयबाट वि.नि. र स्रोतव्यक्तिबाट अनिवार्य रूपमा शिक्षा नियमावलीमा उल्लेख भए अनुसार मासिक रूपमा विद्यालय निरीक्षण र सुपरीवेक्षण गर्नु पर्ने, नियम अनुसार निरीक्षण नगर्ने वि.नि./स्रोतव्यक्तिलाई आवश्यक कारबाही गर्ने नियम बनाउनु पर्ने र नियम अनुसार शिक्षक, प्र.अ. र विद्यालयलाई आवश्यक कारवाही गर्ने व्यवस्था मिलाउनु पर्ने ।

सामुदायिक विद्यालयको शिक्षक पदमा नियुक्ति गर्दा प्रत्येक ६/६ महिनामा शिक्षक सेवा आयोगबाट विज्ञापन गरी निष्पक्ष र स्वतन्त्र रूपमा परीक्षा लिई परीक्षामा उत्तिर्ण

भएकालाई मात्र शिक्षक पदमा नियुक्ति दिने र अस्थायी शिक्षक नियुक्ति नगर्ने व्यवस्था मिलाउने । पाठ्क्रम विकास केन्द्रले विद्यार्थीको स्तर र आवश्यकता अनुसारको पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण गर्ने व्यवस्था मिलाउने, अंग्रेजी विषयको पाठ्यपुस्तक परीक्षामा सोध्ने सम्पूर्ण प्रश्नहरू समेटने गरी निर्माण गर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार शिक्षा मन्त्रालय र जिल्ला शिक्षा कार्यालयले सबै माध्यमिक विद्यालयको पक्की भवन, उपयुक्त कक्षाकोठा, पक्की शौचालय र पुस्तकालय निर्माण गर्न आवश्यक रकमको व्यवस्था मिलाउनु पर्छ । नेपाल सरकार शिक्षा मन्त्रालयले विद्यार्थी संख्या अनुसार थप शिक्षकको व्यवस्था गरी सामुदायिक विद्यालयको गुणस्तर र पहुँचमा सुधार गर्दै लाने खालको नीति नियम बनाइ शिक्षण सिकाइ प्रभावकारी बनाउने व्यवस्था गर्नुपर्छ ।

## ५.३.२ कार्यान्वयन तहका सुझावहरू

उपलव्ध स्रोत र साधनको अधिकत्म प्रयोग गरी सामुदायिक विद्यालयका जिम्मेवार तहमा बसेका व्यक्तिहरूले संस्थागत विद्यालयको सरह भौतिक तथा शैक्षिक सुविधाहरूको व्यवस्था गर्ने । दक्ष जनशक्ति हुँदा हुँदै पनि शैक्षिक गुणस्तर न्युन रहेकोले सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समिति, प्र.अ.विद्यार्थी, शिक्षक र अभिभावकहरूले आ-आफ्नो जिम्मेवारी वहन गरी शिक्षाको गुणस्तर उकास्न आवश्यक पहल गर्ने गराउने ।

विद्यालयमा प्रभावकारी र सरल तरिकाले शिक्षण सिकाइ गर्नको लागि आवश्यक शैक्षिक सामग्री र फर्निचरको उचित व्यवस्था गर्ने, शिक्षकलाई आवश्यकता अनुसार शिक्षण सिकाइ सम्वन्धी तालिममा पठाउने र तालिमबाट फर्केपछि तालिममा सिकेका कुरा व्यवहारमा लागू गर्न लगाउने । सामुदायिक विद्यालयको शिक्षकको उपस्थिति नियमित नहूने, समयमा कक्षामा प्रवेश नगर्ने, पुरा समय शिक्षण नगर्ने प्रवृति देखिएकोले नियमित विद्यालयमा उपस्थित भई तोकिएको जिम्मेवारी पुरा गर्न गराउन प्र.अ.,वि.व्य.स.र जि.शि.का.ले आवश्यक पहल गरी कारवाही गर्ने गराउने ।

विद्यार्थीको नियमितता बढाउन उनीहरूका अभिभावकहरूसंग छलफल गर्ने र जनचेतनामुलक कार्यक्रम संचालन गर्नुको साथै घरमा गृहकार्य गर्ने समय मिलाउन समेत अनुरोध गर्ने, नियमित हुने विद्यार्थीलाई प्रशंसा र पुरस्कारको व्यवस्था गर्ने परीपाटी

बसाउने । विद्यालयमा नियमित हुने, अनुशासित, लगनशिल र कर्तव्यनिष्ट शिक्षकहरूको सही मूल्याङ्कन गरी पुरस्कार, प्रशंसा र सम्मानको व्यवस्था मिलाउने, नियमित नहुने र कर्तव्यबाट पन्छिन खोज्ने, राम्रो शिक्षण सिकाइ नगर्ने शिक्षकहरूको  तवल, भत्ता, ग्रेड कट्टी गरी सजायँ दिने व्यवस्था समेत मिलाउने ।

संस्थागत विद्यालयमा जस्तै सामुदायिक विद्यालयमा पनि एकाइ परीक्षा, मासिक परीक्षा समेत गरी निर्माणत्मक र निर्णयात्मक दुबै किसिमको परीक्षाको माध्यमबाट विद्यार्थी मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।  सामुदायिक माध्यमिक विद्यालयको अंग्रेजी शिक्षकले शिक्षण गर्दा परंपरागत अनुवाद विधि र शिक्षक केन्द्रित विधिबाट शिक्षण गर्ने गरेको पाइएकोले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन अभ्यास, छलफल, प्रश्नोत्तर र अन्तक्रिया जस्ता विद्यार्थी केन्द्रित शिक्षण विधिबाट शिक्षण गर्न गराउन विद्यालय प्रशासकले सक्रिय भूमिका निर्वाह गर्ने ।

संस्थागत विद्यालयको शिक्षकले जस्तै सामुदायिक विद्यालयका शिक्षकले पनि बढी मात्रामा नियमित गृहकार्य दिने र जाँच गर्ने व्यवस्था विद्यालय प्रशासकले मिलाउने । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा स्रोत साधन भएर पनि त्यसको उचित व्यवस्थापन र सदुपयोग नभएकोले विद्यालय प्रशासन र  व्यवस्थापन समितिले भएका स्रोत साधनको उचित व्यवस्थापन र सदुपयोग गरी शिक्षण सिकाइको लागि स्वच्छ वातावरण बनाउने प्रयास गर्ने गराउने ।

सामुदायिक विद्यालयमा पनि संस्थागत विद्यालयमा झै गुणस्तरीय र प्रभावकारी शिक्षण सिकाइ कार्य गर्न गराउन शिक्षकलाई नियमित भई विद्यार्थी केन्द्रित शिक्षण विधिबाट शिक्षण गर्न विद्यालय प्रशासकले आवश्यक उत्प्रेरणा दिई सक्रिय बनाउने ।  पाठको शुरूवातमा समेत संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरू ढिलो कक्षामा प्रवेश गर्ने, पूर्व पाठको पुनरावलोकन नगरी पाठको शुरू गर्ने गरेको पाइएकोले समयमा नै कक्षामा प्रवेश गरी पूर्व पाठको पुनरावलोकन गरी अस्पष्ट भएको विषयवस्तु पुःन दोहोऱ्याएर मात्र पाठको शुरूवात गर्ने, शिक्षण पूर्व पाठको तयारी र पाठयोजना बनाउन समेत विद्यालय प्रशासकले आवश्यक निर्देशन, सुझाव, सल्लाह र उत्प्रेरणा दिने । सामुदायिक विद्यालयका शिक्षकले पनि संस्थागत विद्यालयका शिक्षकले झै विद्यार्थीहरूलाई

बढी अभ्यास गर्न लगाइ पाठ्यपुस्तक बाहेक अरू थप सन्दर्भ सामग्री समेत प्रयोग गरी अध्ययन अध्यापन गर्ने गराउने व्यवस्था मिलाउने ।

### ५.३.३ अनुसन्धान तहका सुझावहरू

सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलनात्मक अध्ययन र अनुसन्धानबाट शिक्षण सिकाइमा सुधार गर्नको लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीहरूको शिक्षण सिकाइको लागि आवश्यक आधार कमजोर भएको देखिएकोले तल्ला कक्षा देखि नै अंग्रेजी, गणित र विज्ञान जस्ता विषयहरूमा शिक्षण सिकाइको आधार बलियो र राम्रो बनाउन सम्वन्धित सबैले पहल गनुपर्ने देखिन्छ । संस्थागत माध्यमिक विद्यालयका विद्यार्थी भन्दा सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थीहरू अनुशासनमा नबस्ने पाइएकोले शिक्षक, प्र.अ.र अभिभावकहरूले सयुक्त रूपमा पहल गरी विद्यार्थीहरूलाई अनुशासनमा राखी शिक्षण सिकाइमा सक्रिय हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

संस्थागत माध्यमिक विद्यालयमा भन्दा सामुदायिक माध्यमिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात बढी रहेकोले विद्यार्थीहरूको गृहकार्य जाँच गर्न, कक्षा नियन्त्रण गर्न र प्रभावकारी शिक्षण सिकाइ गर्न समस्या भएकोले शिक्षक र कक्षाकोठाको संख्या बढाएर शिक्षक विद्यार्थी अनुपात कम गरी शिक्षण सिकाइ गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । प्रभावकारी शिक्षण सिकाइको लागि सामुदायिक विद्यालयको व्यवस्थापन समिति, प्र.अ., र शिक्षक बढी सक्रिय भई आवश्यक भौतिक र शैक्षिक व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइमा फरक आउनाका कारणहरू यो सिमित क्षेत्र र विद्यालयमा गरिएको अध्ययन अनुसन्धानको प्राप्ति र निष्कर्षले मात्र नसमेटन सक्छ । यो अध्ययनले मात्र समग्र देशभरीका सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको तुलना अपुरो हुन सक्छ । तसर्थ सामुदायिक र संस्थागत विद्यालयको शिक्षण सिकाइको राष्ट्रिय स्तरमा नै अध्ययन र अनुसन्धान गरी त्यसको प्राप्ति, निष्कर्ष र सुझावको आधारमा नेपाल सरकार, जि.शि.का. र विद्यालयहरूले आवश्यक व्यवस्था गरी शिक्षण सिकाइ प्रभावकारी, राम्रो र गुणस्तरिय बनाउन आवश्यक व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।